Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- १७ २०८१ साल मंसिर २५ गते मंगलबार (Dec 10, 2024) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# पोखरा, चितवन, बुटवलमा लागेको त्वालो कहिलेसम्म !



■ मोहन कार्की

**काठमाडौं–** यतिवेला चर्चामा रहेका पूर्व गृहमन्त्री तथा रास्वपाका सभापति रवि लामिछाने पक्राउ र पक्राउ पछि बिभिन्न जिल्लामा भईरहेको अनुसन्धानले राष्ट्रिय-अन्तराष्ट्रिय ध्यान तानेको छ । सरकारले गरेको रवि लामिछाने माथिको अनुसंन्धान पनि त्यतिकै विवादित बनेको छ । सहकारी ठगी प्रकरणमा अनुसंन्धानको लागि पक्राउ परेका रवि लामिछानेलाई काठमाडौवाट पक्राउ गरी पोखरा लगिएको थियो ।

पोखरावाट कहिले बुटवल, कहिले चितवन, कहिले पोखरा पुऱ्याएर अमानविय व्यावहार गरेको विषय व्याप्त उठेको छ । एकातिर भने रास्वपाका कार्यकर्ताहरुले आफ्ना सभापति थुनामा परेको कारणले पोखरामा, चितवनमा, बुटवलमा आन्दोलन गरेको भनेर अदालत समेत मानहानी मुद्दामा कतिपय संसदहरुलाई समेत स्पष्टिकरण मागेको छ ।

माथि उल्लेखित लामिछानेका मुद्दा हेरिरहेका वकिलहरुको तर्क मान्ने हो भने एकजना व्याक्तिका मुद्दा अन्यत्र भएपनि अभियुक्त पक्राउ परेर प्रहरी प्रशासनको नियन्त्रणमा रहेको ठाउँमा नै अन्यन्त्रका फाइलहरु मगाएर अनुसंन्धान गर्न सकिने जिकिर गरिरहेका छन् ।

तर सरकारले कहिले पोखरावाट बुटवल, चितवन पुनः पोखरा लैजाने गरेको हुनाले वकिलहरुले अमानवीय कार्य भनेका छन् । यतिवेला सर्वसाधरणहरुले समेत रवि लामिछानेलाई दुखः दिनको लागि यस्तो हर्कत सरकार पक्षले गरेको भन्ने समाजमा ब्याप्त हल्ला हुन थालेको छ ।

अर्को तर्फ रास्वपाले राजनीतिक प्रतिशोध भनेर बिज्ञप्ति नै जारी गरिसकेको छ । तर उसले पोखरामा भएको जस्तो आन्दोलन नगर्ने पक्षमा केन्द्रीय समितिको वैठकले निर्णय गरेको छ । अनुसंन्धानमा कुनै बाधा नपुऱ्याउने तर निष्पक्षताको लागि सधै खबदारी भने गरिरहने रास्वपाले भन्दै आएको छ । त्यस्तै खालका शान्तिपुर्ण धर्ना संकेतिक जुलुसहरु देखिराखेका पनि छन् ।

सरकारले भने एकपछि अर्को गर्दै मुद्दा थप्दै अनुसंन्धान गरिरहेको छ । यो सरकारको हर्कत देख्दा त्वालोभित्र अनुसंन्धान गरिरहेको जस्तो भान आम नागरिकमा पर्न गएको छ । त्यसैले सरकारले अनुसंन्धान गर्छ भने आकाश खुल्ला र सफा राखेर गर्नुपर्छ भन्ने आम जनताको भनाई आउन थालेको छ ।

# मास्टर डिग्री सकेर कृषि पेशामा गुल्मीका रबिन घिमिरे



■ जनआकाश संवाददाता

**काठमाडौं–** गुल्मी जिल्लाको धुर्कोट गाउँपालिका वडा नं. ५ हुलाके गाउँका रबिन घिमिरे कृषि क्षेत्रमा नयाँ दिशा तय गर्दै छन् । मास्टर डिग्री सकेर कृषि पेशामा लागेका रबिनले आफ्नो भविष्य निर्माणको सिलसिलामा भैंसी फार्म खोलेका छन् र अहिले यसबाट मासिक दुई लाख रुपैयाँसम्म आम्दानी गर्दै, पाँच जना गाउँको स्थानियलाई रोजगार समेत दिएकाछन् ।

उनले फार्म खोलेर व्यवसाय सुरु गर्ने निर्णय गर्दा धेरैले उनलाई पागल भन्ने गर्थे । तर, आज उनले दुध बेचेर मात्र महिनाको डेडदेखि-दुई लाखसम्म आम्दानी गर्दछन् । त्यति मात्र होइन, उनले गाइको मललाई पनि ३० रुपैयाँ प्रति के.जी को दरमा बिक्री गर्दै आएकाछन् ।

रबिन घिमिरेले चौरासी मिडियासँगको अन्तर्वार्तामा भने, “जब मैले फार्म खोल्ने निर्णय गरे, तब धेरैले मलाई पागल भन्न थाले । तर आज मलाई थाहा छ कि मेरो निर्णय सही थियो । अहिले, मेरो मेहनत र सोचले मलाई सफलता दिलाएको छ । उनको भनाइ अनुसार धुर्कोट गाउँपालिका क्षेत्र गाइ र भैंसी फार्मको लागि अत्यधिक सम्भावना रहेको छ । धेरै मानिसहरू सहरका सुविधाजनक स्थानतिर जान थालेका छन्, जसका कारण कृषि भूमि बाझो हुँदै गइरहेको छ । तर, यस बाझो जमिनको सही सदुपयोग गरेर फलफूल र तरकारी खेती गर्न सकिन्छ । यस क्षेत्रमा कृषिमा ठूलो सम्भावना रहेको छ ।” उनले भने ।

» बाकी ६ पृष्ठमा

# चितवनमा रास्वपाका कार्यकर्ता र प्रहरीबीच झडप

**चितवन–** चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ता र प्रहरीबीच झडप भएको छ । रास्वपा सभापति रवि लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनमा उत्रिएका उक्त पार्टीका कार्यकर्ता र प्रहरीबीच झडप भएको हो ।

झडपमा परेर आठ प्रहरी घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार प्रदर्शनकारीले सरकारी वकिलको कार्यालय जाने बाटो अवरुद्ध गर्न खोज्दा झडप भएको हो । प्रदर्शनकारीले ढुंगा प्रहार गर्न थालेपछि उक्त कार्य रोक्नका लागि अश्रुग्यास र पानीको फोहोरा प्रयोग गर्नुपरेको उनले बताए ।

घाइते प्रहरीको भरतपुर अस्पतालमा उपचार भइरहेको छ । ‘प्रहरीले बल प्रयोग गरेको छैन । प्रदर्शनकारीले ढुंगा हान्दा प्रहरी घाइते भएका हुन्,’ प्रहरी उपरीक्षक मिश्रले भने । जिल्ला प्रहरी कार्यालय अगाडी



सभापति लामिछानेको रिहाइको माग गर्दै प्रदर्शनकारीले निषेधित क्षेत्र नाघेपछि सो कार्य रोक्न खोज्दा झडप भएको उनले जानकारी दिए ।

प्रदर्शनकारीतर्फ १६ जना घाइते भएको रास्वपा चितवनका सभापति कृष्ण

» बाकी ६ पृष्ठमा

# प्रधानमन्त्री बनेपछि पहिलोपटक गृहजिल्लामा ओली




**झापा–** प्रधानमन्त्री केपी शर्मा ओली गृहजिल्ला झापा आइपुगेका छन् । गत असारमा प्रधानमन्त्री नियुक्त भएपछि पहिलोपटक गृहजिल्ला पुगेका उनले यहाँ दुई दिन बिताउनेछन् ।

प्रधानमन्त्री ओलीलाई चन्द्रगढी विमानस्थलमा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री तथा नेकपा (एमाले) स्थायी कमिटी सदस्य शेरधन राई, एमालेका कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडा लगायतले स्वागत गरे ।

प्रधानमन्त्री ओली आजै मेचीनगर नगरपालिका-४ मा १९औं शाखाका रुपमा स्थापना गरिएको मानवसेवा आश्रम र दमक नगरपालिका-३ दापगाछीमा नवनिर्मित दमक व्यावसायिक कम्प्लेक्सको उद्घाटन गर्ने प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले जानकारी दिए ।

उनका अनुसार व्यावसायिक कम्प्लेक्स उद्घाटन कार्यक्रममा उपप्रधान तथा

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १७, २०८१ साल मंसिर २५ गते मंगलबार (Dec 10, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - -

### नेपाल पत्रकार महासंघमा पत्रकारलाई नै जिताऔं ।

नेपाल पत्रकार महासंघको निर्वाचन यहि २८ गते मिति तोकिएको छ । पटक पटक मिति सार्दै विवाद गरेर राजनीतिक जोड घटाउमा लागेर स्वतन्त्र पत्रकारिताको धज्जी उडाउदै कतिपय राजनीतिक दलको भातृ संगठनको रुपमा पत्रकार नामका संगठनले गर्ने गरेका कृयाकलाप हेर्दा देशको प्रतिष्ठा गिर्ने खालका हर्कतहरु देखिएका छन् । भलै पछिल्लो निर्णयले यहि २८ गते निर्वाचनको मिति तोकेको छ । उक्त दिन निर्वाचन हुने सम्भावना बढी नै छ ।

निर्वाचन भनेको लोकतान्त्रिक पद्धति हो । यस लोकतान्त्रिक पद्धतिलाई आत्मसाथ गरेर पत्रकार हरुको हकहितको निमित स्थापना भएको संस्थाले पत्रकारहरुको नै हितको. लागि काम गर्न सक्ने पत्रकारितामा जिवन गुजारेको अनुभवी व्याक्तित्व नेतृत्वको लागि छान्ने महत्वपूर्ण अवसर हो । तर यस्तो देख्खिराखेको छैन । लोकतान्त्रको अभ्यासमा बिभिन्न संघ, संस्था खोल्न पाउने अधिकारलाई प्रयोग गरेर पत्रकारहरुको छ्दम भेषमा बिभिन्न राजनीतिक पार्टीको बचाउ गर्ने उद्देश्यले नै खोलिएको पत्रकारहरुको नाम जोडिएका संस्थाहरुले राजनीतिक दलका व्याक्ति विशेषको सरक्षण गर्दै आएको विगतका घटनाले देखाईरहेका छन् ।

जसको असरले गर्दा पत्रकारिता क्षेत्रमा विश्वास खस्कदै गएको छ । यस्तो अवस्थावाट गुज्रीरहेको पत्रकारिता क्षेत्रमा अहिलेका नयाँ पुस्ता जो नयाँ आयामको समेत भरपुर प्रयोग गर्न सक्ने क्षमता राख्छन् । ति पत्रकारहरुले समाजलाई नयाँ युगमा लान कुनै राजनीतिक दलको व्याक्ति, पार्टी विशेषलाई पन्छाएर राष्ट्र र समाजको हितार्थ काम गर्न सक्ने नेतृत्व छान्ने र राष्ट्रिय उद्देश्यका लागि काम गर्न सक्ने पत्रकारहरुको नेतृत्व पत्रकारले छान्नुपर्छ । त्यो मतदानवाट निर्वाचित गराई पत्रकार महासंघको नेतृत्व पत्रकारले छान्न सक्नुपर्छ ।

बजारमा आएका हल्ला जस्तै गैर पत्रकारहरुले महासंघमा निर्वाचन जित्ने र पत्रकारहरुकमा समस्या पर्दा नीतिगत सुधार संस्थागत सुधार हुन नसक्ने जस्ता बिषयहरु उठ्दै आएका छन् । यस्ता समस्याहरु आउन नदिन पनि पत्रकारको नेतृत्व छान्ने काम पत्रकारहरुले गरुण । त्यसका लागि सवै पत्रकार जो विहान उठेदेखि वेलुका नसुतुनजेलसम्म पत्रकारिता गर्नेहरुको मर्म बुझेका पत्रकारहरु महासंघका बिभिन्न पदीय जिम्मेवारीमा निर्वाचित भएमा मात्र पत्रकार महासंघको गरिमा बढ्छ । पत्रकारहरुमा समस्या आएमा सावधान पनि सजिलै हुन सक्छ । अन्यथा पछुताउनु वाहेक विकल्प रहने छैन ।

त्यसैले पत्रकार महासंघमा पत्रकारिता गरिरहेका पत्रकारहरुलाई जिताउन सवै ठाउँवाट लागौं ।

# स्टार्टअप : युवाहरूको डिजिटल कमाइ



कृष्णहरि बास्कोटा

विश्वव्यापीरुपमा युवाहरुलाई केन्द्रित गरी स्टार्टअप अभियान सञ्चालन भइरहेका छन् । यसमा युवाहरुको डिजिटल कमाइ लोभलाग्दो देखिएको छ । वर्तमान डिजिटल युगमा युवाहरुले ब्लगिङबाट कमाइरहेका छन् । उनीहरुले सोसल मिडिया (युट्युब, फेसबुक, इन्स्ट्राग्राम) बाट आफ्नो उत्पादन विक्री र प्रवर्द्धन गरिरहेका छन्।

केही युवाले घरमै बसेर फ्रिलान्सिङबाट पनि कमाएका छन्। केहीले होम क्यान्टिनबाट अफिस, कलेजमा खाना पुऱ्याई सेवा र आम्दानी दुवै एकैसाथ गरेका छन्। केही युवाले भर्चुअल असिस्टेन्ट भई आम्दानी गरेका छन्। केहीले कल सेन्टर सञ्चालन गरेका छन्। केही युवाले इफ्रेन्डबाट डिजिटल समस्याको समाधान गरी आय आर्जन गरेका छन्। यसरी, अधिकांश युवाहरु स्टार्टअप अभियानअन्तर्गत डिजिटल प्लेटफर्ममा सहभागी भएका छन्।

वर्तमान समय सूचना प्रविधिको युग हो । यसर्थ, विश्वका ठूला कम्पनीहरु- एप्पल, माइक्रो सफ्ट, गुगल, एमाजोन, एनभिडियालगायत सूचना प्रविधिमा आधारित छन् । विश्वव्यापी स्तरमा यिनीहरुको कमाइ उच्च छ । गत आ.व.मा हामीले पनि रु. ८० अर्ब बराबरको सूचना प्रविधिमा आधारित सेवा निकासी गऱ्यौं। केही वर्षमै यसलाई ५ खर्बमा वृद्धि गर्न सकिने सम्भावना आँकलन गरिएको छ। यसबाट नयाँ ५ लाख रोजगारी उपलब्ध हुनेछ। यसका लागि पूर्वाधारमा लगानी र कानुनी संरचनामा सुधारको खाँचो छ। नेपालको भूगोल, ऋतु र तापमानका आधारमा ठूला डाटा सेन्टर र क्लाउड स्थापना गर्न सकिने सम्भावना छ । यसर्थ, हामीले यसतर्फ हाम्रो प्राथमिकता केन्द्रित गर्नुपर्छ।

हाल जेनजी पुस्ताको जमाना हो । यो पुस्ता रिमोट वर्किङमा अभ्यस्त हुँदै गएको छ। जेनजी पुस्ताका आइकन उद्यमीहरु- बेन फ्रान्सिस (फिटनेस पहिरन), बेन्जामिन किक (स्निकर्स रिसेलिङ व्यवसाय), मोजियाह (बो टाई), इवान स्पिजेल (स्यान्याप च्याट), एलिना मेर्स (जोली पप), ग्रेटा थुनवार्ज (जलवायु परिवर्तनकी अभियन्ता) लगायत हुन्। यी पुस्ताले स्टार्टअपका फाइदाहरु बुझेका छन् । जसअनुसार आफ्नो सपना साकार पार्न, नाम र दाम कमाउन र आत्मसन्तुष्टिका लागि युवापुस्ता स्टार्टअप अभियानमा सहभागी भएका छन्। साथै, यिनीहरु आफूबाट इन्नोभेसन हुने, सामाजिक प्रतिष्ठा आर्जन हुने, अरुका लागि प्रेरणाको स्रोत बन्न सकिने कारण पनि स्टार्टअप अभियानसँग जोडिएका छन्। मेटलाइफ र युएस चेम्बरको अध्ययनअनुसार सामान्यतः स्टार्टअप व्यवसायीहरु औसतमा दैनिक १४ घण्टा काम गर्छन्।

स्टार्टअप लगानीकर्ताहरुले लगानीको आरम्भ बुट स्ट्र्याप फन्डिङबाट गरेको पाइन्छ। यसपछि सिड मनी र ए, बी, सी र डी राउड फन्डिङबाट लगानी भएको बुझिन्छ। साथै, आईपीओ जारी गरेर पनि लगानी जुटाइन्छ। अधिकांश स्टार्टअपहरु नवप्रवर्द्धनमा जुटेका छन्। विश्व इन्नोभेसन सूचक (जीआईआई) मा स्वीट्जरल्यान्ड, स्विडेन, अमेरिका, सिंगापुर र बेलायत उत्कृष्ट मुलुकमा पर्दछन्। एसियामा सिंगापुर, कोरिया, चीन, जापान र इजरायल अग्रस्थानमा छन्।

सिंगापुरको जीआईआई ६१.२ छ भने नेपालको १८.१ छ। हामी विश्वमा १०९औं स्थानमा छौं। यसै गरी, वैज्ञानिक आविष्कारका क्षेत्रमा अमेरिका, बेलायत, जर्मनी, फ्रान्स र जापान अग्रस्थानमा छन् । अन्तर्राष्ट्रिय विज्ञान ओलम्पियाडमा चीन, अमेरिका, रसिया, दक्षिण कोरिया, सिंगापुर, भियतनाम, ताइवान, इन्डियाका विद्यार्थीले स्वर्णपदक जित्दा नेपालका विद्यार्थी ४२५औं र ४८७औं स्थानमा परेका छन् । यसबाट हामी पछाडि रहेको बुझिन्छ । यसमा सुधारको जरुरत छ ।

हालै यसै पंक्तिकारको नेतृत्वमा रहको सीआईजीपी नामक संस्थाले इनलोगस् नामक संस्थासँगको सहकार्यमा इनोभेसन र स्टार्टअपका सम्बन्धमा राष्ट्रिय स्तरको कार्यक्रम आयोजना गरेको थियो । जसमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारले सञ्चालनमा ल्याएका मध्ये स्टार्टअप कार्यक्रम सफलताको संघारमा रहेको कुरा बताउनुभएको थियो । उहाँले यो वर्ष १ अर्ब रुपियाँबाट करिब ६ सयदेखि एक हजार उद्यमीलाई सघाउन सकिने राय व्यक्त गर्नुभयो । तर, प्रस्ताव आह्वान गर्दा पाँच हजारभन्दा बढीले उद्यमी बन्ने इच्छा प्रकट गरेकाले वाणिज्य बैंकहरुले बाँकी प्रस्तावकर्तालाई सघाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रस्तुत सन्दर्भमा यस कार्यक्रमलाई सघाउने नबिल बैंक, नबिल स्कुल अफ सोसियल इन्टरपेनरसिपका तर्फबाट उक्त बैंकका अध्यक्ष उपेन्द्र पौडेलले नबिल एसएसईले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक उद्यमशीलताको विकासमार्फत सामाजिक रुपान्तरणमा सक्रिय रहेको बताउनुभएको थियो। उहाँका अनुसार नबिल एसएसईबाट आठ सयभन्दा बढीले उद्यमशीलतासम्बन्धी प्रशिक्षण लिएको र १२ सय रोजगारी सृजना गर्न सफल भएको छ। यसरी, नवीन सोच भएका र आफ्नै खुट्टामा उभिन खोज्नेलाई उक्त बैंकले सघाइरहेको छ।

साथै, उक्त बैंकको सहयोगमा ११७ वटा नयाँ उद्यमहरुको स्थापना भएको छ। उक्त बैंकले १२ वटा शैक्षिक संस्थाहरुसँग सहकार्य गरी आएको छ। यस बैंकले आवासीय तालिम र मेन्टरसिप प्रदान गर्दै आएको छ। यस बैंकले ५६ वटा सामाजिक संस्थालाई उद्यमी तालिम प्रदान गरेको छ। यसरी नबिल बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्टार्टअप अभियानलाई पूर्णतः सघाइरहेको छ।

नेपाल सरकारले चालू आ.व. २०८१।८२ मा स्टार्टअप नेसन, २०३० कार्यक्रम घोषणा गरेको छ । २०८१ भदौ ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीबाट यो अभियानको उद्घाटन भएको थियो । गरिबी घटाउन र राष्ट्रिय आत्मविश्वास बढाउन सरकारले एक हजार स्टार्टअप आरम्भ गरी एक लाखलाई रोजगारी दिने ध्येय लिएको छ। सरकारले क्रियटिभ इकोनोमी र इनोभेटिभ सोलुसनको ध्येय राखेको छ। स्वदेशमै केही गर्ने नवीनतम् र सृजनशील सोच भएकालाई सरकारले सहुलियतमा ऋण दिने अभियान अघि बढेको छ। स्टार्टअप र नवप्रवर्द्धनका लागि इकोसिस्टम विकास गर्ने, स्टार्टअप बोर्ड गठन गर्ने प्रतिबद्धतामा सरकार अडिग छ । यसका लागि सरकारले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ जारी गरेको छ। यस कामको जिम्मेवारी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले पाएको छ । उक्त प्रतिष्ठानले विशेष गरी युवा उद्यमी र डिजिटल प्रविधिबाट काम गर्ने प्रस्तावलाई उच्च महत्व दिने अपेक्षा गरिन्छ।

स्टार्टअप अभियानमा करिब ५ हजार उद्यमीले उत्पादनमूलक, सेवामूलक, औषधिजन्य, कृषि र पशुपक्षीलगायतका उद्यमका लागि प्रस्ताव गरेका छन्। यस्ता उद्यमशील प्रस्तावहरुमा साना पसल, खाजाघर, हस्तकला, एग्रो फर्म, कृषि फर्म, पशुपक्षी फर्म, पोल्ट्री व्यवसाय, मोबाइल पसल, कपडा पसल, होजियारी उद्योग, डेरी उद्योग आदि रहेका छन्। करिब ३० जिल्लाबाट यस्तो प्रस्ताव प्राप्त भएको बताइएको छ। सरकारले जारी गरेको कार्यविधिअनुसार कर्जाका लागि मुख्य ५ योग्यता तोकिएको छ। जसमा पहिलो, उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको हुनुपर्छ । दोस्रो, सम्बन्धित निकायमा दर्ता भएको (प्रा.लि, कम्पनी, साझेदारी वा सहकारीमा दर्ता) हुनुपर्छ। तेस्रो, कुनै पनि वर्षको कारोबार रु १५ करोडभन्दा बढी नभएको हुनुपर्छ। चौथो, उद्यम व्यवसाय नटुक्रिएको वा नगाभिएको हुनुपर्छ। पाचौं, नवीन एवं सृजनशील सोचमा आधारित, रुपान्तरण गरी तीव्र विकासका सम्भावना भएको हुनुपर्छ।

यसरी सरकारी कार्यविधिअनुसार योग्यता पुगेका उद्यमीहरुले न्यूनतम रु. ५ लाखदेखि रु. २५ लाख कर्जा पाउनेछन् । यसको ब्याजदर ३ प्रतिशत तोकिएको छ । यस्तो ऋण राष्ट्रिय वाणिज्य बैंकमार्फत उपलब्ध हुनेछ । तर, एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेस गर्न पाइने छैन । यस्तो कर्जाका लागि परियोजना नै धितो राख्न सकिनेछ । साथै, कर्जा प्रवाह गर्ने बैंकले ०.१ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन पाउने छैन । यस अभियानमा राम्रो काम गर्नेलाई पुरस्कारको पनि व्यवस्था गरिएको छ । यसरी नेपाल सरकारले उच्च महत्वका साथ अघि सारेको स्टार्टअप अभियानमा सहभागी हुन आम युवालाई आह्वान गर्दै युग सुहाउँदो डिजिटल प्रविधिलाई बढावा दिन पनि युवाहरुलाई सार्वजनिक आह्वान गर्दछु ।

# नेपाल इन्जिनियरिङ कलेजद्वारा प्रादेशिक छात्रवृत्ति वितरण



**काठमाडौं–** मुनाफारहित सामाजिक शैक्षिक संस्थाका रुपमा सञ्चालित नेपाल इन्जिनियरिङ कलेजले प्रादेशिक छात्रवृत्ति वितरण गरेको छ। कलेजले आइतबार प्रादेशिक छात्रवृत्ति परीक्षामा सर्वोत्कृष्ट भएका पाँच वटा प्रदेशका विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरेको हो ।

प्रादेशिक छात्रवृत्ति पाउनेहरुमा मधेश प्रदेशबाट अभिषेक कुमार यादव, बागमती प्रदेशबाट सुवास गिरी, गण्डकी प्रदेशबाट पार्वती पनेरु, लुम्विनी प्रदेशबाट विजयकुमार यादव र सुदुरपश्चिम प्रदेशबाट सरोज देउवा रहेका छन् । कोशी प्रदेश र कर्णाली प्रदेशबाट भने प्रादेशिक छात्रवृत्ति छनौट बाँकी रहेको छ । नयाँ शैक्षिक सत्रको भर्ना अभियान अझै केही दिन बाँकी रहेकाले दुई प्रदेशको प्रादेशिक छात्रवृत्ति वितरण गर्न बाँकी छ ।

छात्रवृत्ति पाउने विद्यार्थीहरुले क्रमशः इलेक्ट्रिक्स एण्ड इलेक्ट्रोनिक्स, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, विडिएच, सिभिल एण्ड रुलर इन्जिनियरिङ विषयमा अध्ययन गर्नेछन् । छात्रवृत्ति पाउने सबै विद्यार्थीहरुले सामुदायिक विद्यालय अध्ययन गरेका छन् । कलेजले प्रादेशिक छात्रवृत्ति प्रदान गरेर दूरदराजमा रहेका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई इन्जिनियरिङ शिक्षा हासिल गर्ने अवसर दिएकोमा विद्यार्थीहरुले कृतज्ञता व्यक्त गर्दै मेहनत गरेर अध्ययन गर्ने बताए ।

कलेजका सहायक प्राचार्य मोहनध्वज केसीले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई बधाई तथा शुभकामना दिँदै पोखरा विश्वविद्यालयको छात्रवृत्ति मापदण्ड अनुसार प्रादेशिक छात्रवृत्तिको परीक्षा लिइएको बताउँदै कलेज सदैव जेहेन्दार र मेहनती विद्यार्थीहरुको पक्षमा रहेको बताउनु भयो । कलेजका प्राचार्य दुर्गाप्रसाद भण्डारीले छात्रवृत्तिको मर्यादा र गरिमालाई कायम राख्नेगरी मेहनतका साथ अध्ययन गर्न सुझाउनु भयो । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको इन्जिनियरिङ शिक्षामा पहुँच पुगोस् भन्ने हेतूले कलेजले प्रादेशिक छात्रवृत्ति दिँदै आएको प्राचार्य भण्डारीको भनाई छ ।

कलेजले हरेक वर्ष ७० लाख बराबरको प्रादेशिक छात्रवृत्ति वितरण गर्ने बताउँदै प्राचार्य भण्डारीले भन्नुभयो,'नेपाल इन्जिनियरिङ कलेजले वर्षेनी गरिब तथा जेहेन्दार विद्यार्थीलाई विभिन्न छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ । यस वर्षपनि विभिन्न प्रदेशहरुबाट प्रादेशिक छात्रवृत्तिमा विद्यार्थीहरुले प्रतिष्पर्धा गर्नुभएको छ । सामुदायिक विद्यालयमा पढेका विद्यार्थीहरुलाई इन्जिनियरिङ अध्ययन गर्न प्रेरित गर्नका लागि कलेजले यो छात्रवृत्ति प्रदान गरेको हो ।'

कलेजले हरेक वर्ष सामुदायिक स्तरमा कलेजका विकासमा उल्लेखनीय योगदान गर्दै आइरहेको चाँगुनारायण नगरपालिकाका ४ वटा वडाका दुई जना विद्यार्थी, कागेश्वरी मनहरा नगरपालिकाको वडा नं.७ गरी ५ वटा वडा वाहेक चाँगुनारायण नगरपालिकाले सिफारिस गरेका गरिब, जेहेन्दार विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति र ५० प्रतिशत छुट सहितको छात्रवृत्ति दिँईदै आएको छ ।

यसका अलावा कलेजमा कार्यरत शिक्षक कर्मचारीका सन्ततीहरुका लागिपनि छात्रवृत्ति दिँदै आएको छ । इन्जिनियरिङ अध्यनार्थ भर्ना हुने विद्यार्थीको आर्थिक, शैक्षिक अवस्था हेरेर विभिन्न छुटहरु पनि दिइने गरिएको छ । मुनाफारहित शैक्षिक संस्था भएकाले हरेक वर्ष कलेजले करिब १५ करोड बराबरको विभिन्न छात्रवृत्ति र छुटहरु दिँदै आएको छ ।

त्यसो त सामाजिक उत्तरदायित्व अन्तरगत गतवर्ष जाजरकोट र रुकुमपश्चिममा गएको विनाशकारी भुकम्पबाट प्रभावित सामुदायिक विद्यालयका ५ जना विद्यार्थीहरुलाई पूर्णछात्रवृत्ति प्रदान गरेको थियो । नेपालका दुरदराजमा रहेका विद्यार्थीहरुले सर्वसुलभ शुल्कमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्राप्त गर्न सकुन् भनेर कलेज स्थापना भएको र आगामी दिनहरुमा पनि सोही अनुरुप विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्दै लैजाने प्राचार्य भण्डारीले बताउनु भयो ।

## रामेछाप डायरी

# बेताली बचत तथा रिन सहकारी सस्थाको वार्षिक साधारणसभा सम्पन्न

■ जनआकाश संवाददाता

**रामेछाप–** रामेछाप गोकुलगगा गाउँपालिका वाडन ४ स्थित बेतालीमा ३० वर्ष अगाडी स्थापित बेताली बचत तथा रिन सहकारी सस्थाको तिसौ वार्षिक साधरणसभा सम्पन्न भएको छ ।

कार्यक्रम सस्थाका अध्यक्ष दिलिप कुमार भण्डारीको सभापतित्वमा भएको हो ।

कार्यक्रमको प्रमुख अतिथि समेत रहेका गोकुलगगा गाउपालिकाका अध्यक्ष काजि बहादुर खडकाले दिप प्रज्वलन गरी कार्यक्रम उदघाटन गरिएको थियो ।

गाउँपालिका भित्रका सवै वडाका अध्यक्षहरु अतिथि रहेको कार्यक्रममा जिल्ला सहकारीवाट आएका पदाधिकारीहरु पनि रहेका थिए ।

सस्थाकी उपाध्यक्ष रन्जु घिमिरेले आमान्त्रीत अतिथि,पुर्व सस्थापक शेरधनी, बचतकर्ता सदस्यहरुलाइ स्वागत गर्दै स्वागत मन्तव्य राखेकी थिइन ।

शुभकामना मन्तव्य केदार बहादुर कार्कीले राखेका थिए ।

स्वगत मन्तव्य राख्ने क्रममा केदार कार्कीले गोकुलगगा यतिवेला राष्ट्रपति रनिङशील प्रतियोगिता र सहकारीको उपस्तिथिले गाउपालिका शोकमा रहेको कुरा सकेत गरेको छ भनि उल्लेख गरे ।

शुभकामना राख्ने क्रममा एकीकृत फ्रेण्डशिप साकोसका संयोजक सिताराम कार्कीले सानो सानो रकमले आज लाखौ रकम जम्मा भएको छ यो खुशिको कुरा हो । आज युवाहरु विदेश गइरहेका छन् । हामिले सहकारीमा जम्मा गरेको रकमको सदुपयोग गरेर ति विदेशमा गएका युवाहरूलाइ देशमै राख्न सक्ने वातावरण बनोस भन्दै धारणा राखेका थिए ।

शुभकामना राख्दै नेफस्कुन मन्थली साकोसका सुर्य थापाले सस्थाको उतारोतर प्रगतिको शुभकामना दिए ।

सस्थाका सचिव राम कुमार कार्कीले सस्थाको वार्षिक गतिविधिको वारेमा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

आर्थिक प्रतिवेदन जित बहादुर खडकाले प्रस्तुत गरेका हुन ।

लेखा सुपरिवेक्षण प्रतिवेदन कुलबहादुर कार्कीले प्रस्तुत गरेका थिए ।

कार्यक्रमलाइ आकर्षक बनाउन बिच बिचमा नृत्य देखाइएको थियो ।

कार्यक्रम दुइ शत्रमा बिभाजन गरी गरिएको थियो ।

उक्त वार्षिकोत्स्वको अवसरमा विभिन्न जेष्ठ नागरिकहरुलाइ सम्मान पत्रले सम्मानित गरिएको थियो । कार्यक्रमलाइ उत्कृष्ट तरिकाले उदव कार्कीले गरेका थिए ।

कार्यक्रमका सभापति दिलिप कुमार भण्डारीले बिगतमा यस सस्थाको स्थापना गर्नुहुने सस्थापक केसव कार्की लगायत सस्थापक हरुलाइ सम्झदै यो तिसौ वार्षिकोत्सव सफलता पुर्वक सम्पन्न गराउन हाम्रो निमन्त्रणालाइ स्विकार्दै कार्यक्रमको गरिमा बढाइदिनुहुने सवैलाइ धन्यवाद दिदै कार्यक्रम समापन गरेका थिए ।

# बसको ढोकाबाट खसेर काठमाडौंमा दुई यात्रुको मृत्यु आक्रोशित स्थानीयले गरे गाडी तोडफोड

काठमाडौं- तारकेश्वर नगरपालिका ८ शेषमतिस्थित शान्तिटोल गेट नजिकै बा ४ ख ७१११ नम्बरको बसको ढोकाबाट खसेर दुई जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीका अनुसार उक्त काभ्रेस्थलीबाट रत्नपार्क रूट चल्ने उक्त बसबाट खसेर मृत्यु हुनेमा नुवाकोटको ककनी गाउँपालिका ५ घर भएका अन्दाजी ४०र४५ वर्षका सञ्चबहादुर लामा र तादी गाउँपालिका(१ घर भई हाल लामबगर बस्ने ५८ वर्षीया सुन्तली ओझा छिन् ।

बसको ढोकाबाट खसेर गम्भीर घाइते भएका उनीहरूलाई उपचारका लागि त्रिवि शिक्षण अस्पताल लगिएकोमा बिहान ८ ,४५ बजे चिकित्सकले मृत घोषणा गरेको एसपी अधिकारीले जानकारी दिए ।

बसका सहचालक गोर्खा घर भएका अन्दाजी १७ वर्षीय निसान बिष्ट घाइते भएका छन् । उनको ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।




दुर्घटनापछि बस चालक फरार भएका थिए । त्यसपछि त्यहाँका स्थानीयहरू जम्मा भएर बस तोडफोड गरेका थिए

स्थिति असामान्य बनेपछि बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नेशनल चेम्बर अफ एग्रिकल्चर जापानले रोजगार परामर्श सेमिनार गर्दै




**काठमाडौं–** नेशनल चेम्बर अफ एग्रिकल्चर (जापान) ले जापानमा कृषि क्षेत्रमा काम गर्न जाने युवाहरुका लागि परामर्श सेवा प्रदान गर्ने भएको छ ।

ललितपुरको होटल हिमालयनमा शनिवार संस्थाले जापान आउने जानकारी त्यहाँ आउने तरिका तथा शर्त लगायत कानुनी प्रक्रिया र जापानका कृषि व्यवसायीहरुसँग व्यक्तिगत रुपमा परिचय तथा साक्षात्कारसहित नेपाल र जापानका सरोकारवालाहरुबीच पारस्परिक सम्बन्ध विकास गर्ने उदेश्यले 'रोजगार परामर्श सेमिनार-२०२४'आयोजना गर्न लागेको हो ।

सेमिनारको उद्धघाटन बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले गर्नुहुने छ । ललितपुरमा हुने सेमिनारमा २ सय जना प्रत्यक्ष सहभागी हुने र नेपाल जापान र अन्य मुलुकबाट पनि भने जुम माध्यममा सयौंको संख्यामा सहभागी हुने नेशनल चेम्बर अफ एग्रिकल्चर (जापान) नेपाल प्रतिनिधि डा.अनोज शाक्यले जानकारी दिए ।

'जापानमा घटदो जन्मदर र श्रमशक्तिका कारण विदेशी जनशक्ति (कामदार) कृषिमा मात्र नभई अन्य क्षेत्रमा पनि बढदै गएको छ । नेपाली युवा अस्थायी कामदारका रूपमा मात्र जापान जान चाहान्छन् तर त्यहाँ कसरी जाने, के गर्ने भन्ने बारेमा अन्यौल छन् तसर्थ त्यो अन्यौलतालाई हटाउन र जापान र नेपालबीचको युवा जनशक्तिको निर्माणमा यस सेमिनार एउटा पुल बन्न सक्ने भएकोले यो सेमिनार आयोजना गरिएको हो,' डा. शाक्यले भने ।

नेपालबाट जापानमा उचित रूपमा शिक्षित जनशक्ति पठाउन आवश्यक छ र नेपालको कृषि क्षेत्रको भविष्यलाई अगाडि बढाउन हाम्रो युवा जनशक्तिले ठुलो भूमिका खेल्नेछ भन्ने विश्वासका साथ नेपालले उत्कृष्ट मानव संसाधन वा भनौं दक्ष जनशक्ति प्रदान गर्न र नेपाल र जापानबीचको सम्बन्धलाई थप निरन्तरता दिन पनि यो सेमिनार आवश्यक रहेको डा. शाक्यको भनाइ छ ।

जापानको कृषि, वन तथा मत्स्यपालन मन्त्रालय अर्न्तगतको राष्ट्रिय कृषि परिषद् जापानले विगत ७० वर्षदेखि कृषि क्षेत्रमा काम गर्न जान प्राविधिक प्रशिक्षार्थी र निर्दिष्ट दक्ष कामदारहरुको कृषि सीप मुल्याकंन मापन सम्बन्धित परीक्षा संचालन गरिरहेको एक प्रतिष्ठित सरकारी संस्था हो ।

यस संस्थाले गएका वर्षहरुमा भारतसहित अन्य १६ वटा मुलुकहरुमा जापानमा कृषि क्षेत्रमा काम गर्न जान प्राविधिक प्रशिक्षण वा आफनो सिप दक्षता अभिवृद्धि गर्न इच्छुक युवाहरुलाई लक्षित गरी परामर्श सेमिनारको आयोजना गर्दै आएको छ ।

# काठमाडौंको नक्सालमा वुमेन अफ द वर्ल्ड (वाउ), को सातौँ संस्करण आयोजना हुँदै

**काठमाडौं–** काठमाडौँको नक्साल नन्दीकेशर वगैंचा (नारायण चौर) मा मंसिर ८ र ९ गते वुमेन अफ द वर्ल्ड (वाउ), को सातौँ संस्करण आयोजना हुँदैछ ।

महिला र बालिकाहरुले भोगिरहेका समस्या समाधान गर्न आपसी सिकाइ र भोगाइबाट उपाय खोज्ने प्रयास यसको मुख्य ध्येय हो । लैङ्गि उत्तरदायी समाज निर्माण गर्न सार्वजनिक सरोकारको विषयमा सम्मेलनले धेरै मानिसलाई एकै ठाउँमा ल्याउने अपेक्षा गरिएको छ ।




यसका लागि ब्रिटिस काउन्सिलले काठमाडौँ महानगरपालिका र द वाउ फाउन्डेसन, बेलायतसँगको सहकार्यमा सम्मलेन आयोजना गर्न लागेको हो । यसमा नेपाली र बेलायती साझेदारी छ ।

यस्ता कार्यक्रमहरु सामान्यतया बन्द कोठाभित्र हुने गरेका छन् । यसलाई खुला र सबैको पहुँचमा लैजान बगैंचामा कार्यक्रम आयोजना गर्न लागिएको हो ।

सम्मेलन, समानता र लैङ्गिकता बारे आपसी र सिकाइ आदानप्रदान गर्ने सार्वजनिक मञ्च हो । १० हजार वढी व्यक्ति व्यक्तिहरुको सहभागिता हुने अपेक्षा गरिएको महोत्सव प्रवेश निःशुल्क हुनेछ । महोत्सवमा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले राजनीतिक प्रतिनिधित्व गर्नुहुनेछ । कथा घेरा थिएटर, कर्णाली कला केन्द्रसहित गायिका कुन्ती मोक्तान, गायिका सुवानी मोक्तान, रचना दाहाल, गौमाया गुरुङ् सहित २ सयभन्दा धेरै महिला कलाकार सहभागी हुनुहुनेछ । त्यहाँ उहाँहरुको प्रस्तुति पनि हुनेछ ।

२ दिन चल्ने महोत्सवमा विहान योग बक्सिङ् हुनेछ । दिनमा चलचित्र प्रदर्शनी, कार्यशाला, अन्तरक्रियात्मक छलफल र संवाद, परामर्श सत्रहरु, प्रदर्शनी, स्थानीय उत्पादन तथा खानाको विक्री, गीत, संगीत, गायन, नृत्य तथा कला प्रस्तुतिसँगै बालबालिकाका लागि विशेष खेल र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन हुनेछन् ।

» बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १७, २०८१ साल मंसिर २५ गते मंगलबार (Dec 10, 2024)

# साना तथा मझौला होटल व्यवसायलाई टेवा पुर्याउदै इसेवा




**काठमाडौं–** सन् २००९ मा स्थापना भएको नेपालकै पहिलो तथा अग्रणी भुक्तानी सेवा प्रदायक कम्पनी इसेवाले शुरुवाती दिनदेखि नै भुक्तानी क्षेत्रमा एउटा नयाँ आयम ल्याएको कुरा त सबैलाई अवगत नै छ ।

हाल केही वर्ष यता भुक्तानी क्षेत्रमा मात्र नभएर अन्य विभिन्न क्षेत्रहरुमा पनि कार्य योगदान पुर्याउदै आएको इसेवाले सेवा विस्तारको क्रममा अहिले नेपालको ७७ जिल्लाको ७५३ वटै स्थानिय निकायहरुमा आफ्नो एजेन्ट नेटवर्क पुर्याउन सफल रहेको छ ।

प्रत्येक नेपालीको हात-हातमा पुगिसकेको इसेवा एउटा व्यक्तिलाई दैनिक जीवनमा आवश्यक पर्ने सबै प्रकारका सेवाहरुको भुक्तानी गर्ने माध्यम बन्नुका साथै इसेवा यात्रा तथा पर्यटकीय क्षेत्रमा पनि दिन प्रतिदिन अझै परिचित नाम बन्दै गइरेहेको छ । बस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट देखि केबलकार सम्मको टिकट खरिद गर्न सकिने इसेवाले यात्रुहरुको सहजतासँगै पर्यटकीय विकाशमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको छ ।

प्रयोगकर्ताहरुको आवश्यकता अनुसारका सेवा सुविधाहरु विस्तार गरेर जीवन सहज बनाउने क्रममा इसेवा थुप्रै नवीनतम सेवाहरु प्रदान गर्न सधैं तत्पर रहेको छ र यसै क्रममा इसेवाले प्रदान गर्ने एउटा महत्वपूर्ण सेवा हो इसेवा होटल्स इसेवा होटल्स एउटा यस्तो डिजिटल सेवा हो जसको माध्यमबाट प्रयोगकर्ताहरुले सजिलै होटल बुक गर्न सक्छन् ।

नेपालको ५४ जिल्लाहरुका प्रमुख शहरहरुमा अवस्थित साना, मझौला तथा ठूला होटलहरु एकै ठाँउबाट सजिलै बुक गर्न सकिने इसेवा होटल्स हालको समयमा होटल बुकिंगको लागि एकदम लोकप्रिय बन्दै गएको छ ।

सहरी क्षेत्रमा रहेका तारे होटलहरु देखि लिएर ग्रामिण भेगमा अवस्थित होम स्टेसम्म बुक गर्न सकिने इसेवा होटल्समा करिव ३५०० भन्दा बढी होटलहरु रहेका छन् जुन प्रयोगकर्ताहरुले इसेवा एप वा इसेवा होटल्सको वेभसाइटबाट बिना झन्झट छिनभरमा बुक गर्न सक्छन् । ग्राहकहरुको सहजता र परिस्थितिलाई ध्यानमा राख्दै इसेवा होटल्समा बिना अग्रिम भुक्तानी कुनै पनि शहरमा अवस्थित जुनसुकै होटल बुक गर्न सकिने र आवश्यकता अनुसार बुकिंग रद्द गर्न सकिने समेत व्यवस्था रहेको छ ।

ग्रामीण क्षेत्रमा अवस्थित होमस्टेहरुलाई पनि समावेशीकरण गर्न तथा आर्थिक रुपमा सशक्त बनाउन इसेवा होटल्सले युएसआईडी ट्रेड एण्ड कम्पेटेटिभनेस् सँग विभिन्न सहकार्य गर्दै आइरहेको छ ।

यस सहकार्यले साना तथा मझौला होटल वाहोमस्टेहरुलाई प्राविधिक सहयोगका साथै व्यावसाय संचालनमा पनि थप उत्साह प्रदान गरेको छ । युएसआईडी ट्रेड एण्ड कम्पेटेटिभनेस् को सहयोगमा इसेवा होटल्सले ग्रामिण भेगमा रहेका होटल तथा होमस्टेहरु मार्फत दिगो पर्यटनको विकाश हुनका साथै समग्रमा पर्यटन व्यवसायलाई नै बढुवा दिदै आइरहेको छ र आगमि दिनहरुमा पनि यस परियोजनाले पर्यटन, आर्थिक समावेशीकरण र साना तथा मझौला व्यावसायलाई थप प्रोत्साहन गर्नेछ ।

इसेवा होटल्सको माध्यमबाट इसेवाले प्रयोगकर्ताहरुको सहजता र पर्यटकीय विकाशको साथसाथै साना तथा मझौला होटल व्यावसायीको आर्थिक उन्नतिमा समेत योगदान पुर्याउदै आइरेको छ । साना तथा मझौला होटल व्यावसायीको हकमा इसेवा होटल्ससँगको साझेदारी देशको बदि्लदो डिजिटल रुपान्तरणमा समावेश भएको महसुस र व्यावसायिक वृद्धिको एउटा बलियो आधार बनेको छ ।

# कुमारी बैंकको एटीएम तथा पीओएसमा अब युनियनपे कार्ड प्रयोग गर्न सकिने




**काठमाडौं–** कुमारी बैंक लिमिटेडले आफ्नो एटीएम तथा पीओएस (पोइन्ट अफ सेल) टर्मिनलहरूमा युपिआई (युनियनपे इन्टरनेशनल) का कार्डहरु स्वीकार गर्ने भएको छ । डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै ग्राहकहरुलाई थप सहज, सुरक्षित र आधुनिक बैंकिङ्गको अनुभव उपलब्ध गराउने लक्ष्यका साथ, यो सुविधा नेपाल भर कुमारी बैंकका सम्पूर्ण एटीएम तथा पीओएस टर्मिनलहरूमा उपलब्ध हुनेछ ।

यो सुविधाबाट अब युपिआई कार्ड प्रयोगकर्ताहरूले कुमारी बैंकको एटीएम मार्फत रकम झिक्न र पीओएस टर्मिनल मार्फत खरिद भुक्तानी गर्न सहज हुने साथै यसले व्यापारिहरुलाई पनि लाभ हुने विश्वास बैंकले लिएको छ । बैंकले आफ्नो सेवाको दायरालाई व्यापक बनाउँदै, डिजिटल नेपालको अभियानमा थप योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरत रुपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१५ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई सहज, सुरक्षित, अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

# नेशनल लाईफबाट सुदुरपश्चिम प्रदेशका अभिकर्ताहरु सम्मानित

**काठमाडौं–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले धनगढीस्थित होटल रुवसमा सुदुर पश्चिम प्रदेशबाट सिइओ क्लब सदस्यता प्राप्त गर्न सफल १६० जना भन्दा बढि अभिकर्ताहरुलाई सम्मान गरेको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा सम्पन्न भएको सम्मान कार्यक्रममा विभागिय प्रमुख तथा सुदुर पश्चिम प्रदेश अन्तर्गतका शाखा कार्यालयहरुका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।

प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले पानसमा दिप प्रज्वलन गर्नुहुँदै शुभारम्भ गरिएको सो सम्मान कार्यक्रममा अभिकर्ताहरुलाई सिइओ क्लब सदस्यता वितरण गरिएको थियो भने प्रदेशबाट आफ्नो कोडमा र संजलमा प्रथम, द्वित्तीय र तृत्तीय हुन सफल अभिकर्ताहरुलाई विशेष सम्मान तथा पुरस्कृत गरिएको थियो । यसै गरी यस प्रदेशबाट नेशनल रत्न हुने अभिकर्ताहरुलाई पनि नेशनल लाईफ लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गर्नुभएको थियो ।




समारोहमा प्रमुख कार्यकारी अधिकृतले सिईओ क्लब र नेशनल रत्न अन्तर्गत योग्य हुने अभिकर्ताहरुलाई प्रदेश स्तरिय रुपमा सम्मान कार्यक्रम सम्पन्न गर्दै जाने कम्पनीको योजना अनुरुप सुदुरपश्चिम प्रदेशका अभिकर्ताहरुलाई सम्मान गरिए संगै सिइओ क्लबको सातै प्रदेशको कार्यक्रम सकिएको बताउनु हुँदै सबै प्रदेशबाट यस कार्यक्रममा सहभागि जनाउनु हुने सबै अभिकर्ताहरुलाई धन्यावाद तथा बधाई ज्ञापन गर्नुभयो ।

वहाँले, अभिकर्ताहरु माझ लोकप्रिय रहेको कार्यक्रम चेयरपर्सन क्लब सदस्यता वितरणकै अनुशरण गरी सिइओ क्लब सदस्यता वितरण कार्यक्रमको धारणा ल्याइएको र यसबाट स-साना व्यवसाय गर्ने अभिकर्ताहरुलाई समेत समेटी आगामी दिनमा चेयरपर्सन क्लबमा पुराउने उदेश्य रहेको बताउनु भयो ।

समारोहमा सिइओ क्लव सदस्य र नेशनल रत्नबाट सम्मानित हुन सफल बिजनेश लिडरहरुले प्रमुख कार्यकारी अधिकृतबाट आफ्नै प्रदेशमा सम्मान ग्रहण गर्न पाउँदा आफूहरुको मेहनतको कदर भएको र अत्यन्तै गर्व लागेको बताउनु भएको थियो ।

# प्राईभेट र पब्लिक क्षेत्रको उत्पादकत्व बढाउने उद्देश्यसहित राकुटेन भाइबरले थप्यो नयाँ कम्युनिटी कमेन्ट फिचर

**काठमाडौं–**कामका क्रममा एक भन्दा बढी कार्यहरूमा संग्लग्न हुँदै गर्दा कुशल र उत्पादनशिल हुनका लागि नयाँ तरिकाहरू खोज्नु सधैं महत्त्वपूर्ण हुन्छ । एक सुपर एपको रूपमा प्रयोगकर्ताको अनुभव बृद्धि गर्न निरन्तर प्रतिबद्ध राकुटेन भाइबरले आफ्नो लोकप्रिय सुविधा कम्युनिटीजको नवीनतम अपडेटको रूपमा कमेन्टहरूको सुविधा प्रस्तुत गरेको छ ।

राकुटेन भाइबरको यो सुविधा कनभर्सेसन्हरूलाई थप व्यवस्थित र आकर्षक बनाई प्रयोगकर्ताहरूको कम्युनिटीलाई थप सशक्त बनाउन डिजाइन गरिएको हो ।

नयाँ अपडेटले आफ्नो टिमसँग धेरै विषयहरूमा डिसकस् गर्ने स्ट्रिमलाइनहरू उपलब्ध हुनेछ भने सदस्यहरूले विशेष मेसेजहरूको टिप्पणी खण्डमा सीधा जवाफ दिन सक्नेछन् । यसले कम्युनिटीलाई आफ्नो समग्र प्रवाहमा बाधा नपर्ने गरी केन्द्रित डिसकस्मा संलग्न रहन सघाउँछ ।

सुपरएडमिन र एडमिनहरूले यसलाई पूर्वनिर्धारित रूपमा सबै मेसेजहरूकालागि कमेन्ट उपलब्ध गराएर वा छानिएका विशेष मेसेजहरूमा यसलाई असक्षम पारेर पनि आफ्नो कम्युनिटी इन्फो ट्याबमा सजिलैसँग यो सुविधा एक्टिभ गर्न सक्छन् ।

राकुटेन भाइबरको लामो समयदेखिको सुविधा कम्युनिटीज अब नियमित ग्रुप च्याट अनुभव भन्दा माथिल्लो स्तरको हुनेछ । यसले च्याट हिस्ट्री र पहिले साझा गरिएको मिडियालाई सजिलै पहुँचयोग्य बनाउने अद्वितीय विशेषताहरूसँगै सहज सहयोग र समावेशी अन्तरक्रियाहरूलाई सघाउँछ । कनभर्सेसन् अन्य विषयहरूमा सरेको बेला पनि च्याट हिस्ट्रीलाई नयाँ सदस्यहरू सहित सबैले केवल ब्याक अप स्क्रोल गरेरै पहुँच गर्न सक्छन् ।




र कम्युनिटि भित्र साझा गरिएका मिडिया र फाइलहरूमा पूर्ण पहुँच हुने हुँदा कसैले पनि महत्त्वपूर्ण अपडेट वा मूल्यवान कन्टेनटहरू गुमाउँदैनन् । "कम्युनिटीहरूको स्तरवृद्धि भनेको मानिसहरूले कम्युनिकेट गर्ने तरिकामा सुधार गर्ने हाम्रो प्रतिबद्धताको प्रमाण हो ।

हामीले हाम्रा प्रयोगकर्ताहरूलाई कमेन्ट गर्ने सुविधा थपेर उनीहरूको कनभर्सेसन्मा थप नियन्त्रण र नयाँ संरचना दिइरहेका छौं जसले राकुटेन भाइबरलाई विद्यालय, व्यवसाय र सरकारी संस्था जस्ता ठूला कम्युनिटिहरूका लागि अझ राम्रो प्लेटफर्म बनाउँदैछौं," राकुटेन भाइबरमा एपाक का डाईरेकटर डेविड चेले भन्नुभयो ।

यस सुविधाको स्तरवृद्धि बाहेक राकुटेन भाइबरले आफ्नो विश्वव्यापी र स्थानीय कम्युनिटिहरूलाई सुरक्षित र पहुँचयोग्य प्लेटफर्म प्रदान गर्न जारी राखेको छ ।

चाहे साना रूचि मिल्नेहरूको ग्रुपहरूलाईसँगै ल्याउने होस् वा आवश्यक सरकारी कम्युनिकेसन्हरूलाई सहज बनाउन होस्, राकुटेन भाइबरले कनभर्सेसन्हरू व्यवस्थापन गर्न सजिलो र सबैका लागि सुरक्षित हुने कुराको सुनिश्चितता प्रदान गर्दछ । व्यक्तिगत, व्यावसायिक वा सार्वजनिक क्षेत्र-सम्बन्धित हरेक पक्षमा सम्पर्कहरू बढाउनमा केन्द्रित रहन्छ ।

# युनियन मेवा हाइड्रो लिमिटेडले साधारण शेयर निष्काशन गर्ने




**काठमाडौं–** लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडले युनियन मेवा हाइड्रो लिमिटेडको सर्वसाधारणमा बिक्री गरिने रु.१००/- अंकित दरका रु.३५,३८,६०,५००/-रकम बराबरको ३५,३८,६०५ कित्ता साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्बन्धी सम्झौता गरेको छ ।

उक्त सम्झौतामा लक्ष्मी सन्राइज क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत विजय लाल श्रेष्ठ र युनियन मेवा हाइड्रो लिमिटेडको तर्फबाट अध्यक्ष किरण मल्लले हस्ताक्षर गर्नुभएको छ ।

युनियन मेवा हाइड्रोले ताप्लेजुब जिल्लाको मिक्वा खोला गाउँपालिकामा रहेका २३ मेगावाट क्षमताको मेवा खोला जलबिद्युत आयोजना निर्माणाधिन करिब ३५ प्रतिशत कार्य सम्पन्न भईसकेको छ ।

# चौथो ब्याचको नबिल एसएसई फेलोसिप कार्यक्रम सुरु

**काठमाडौं–** नबिल बैंक लिमिटेडले सामाजिक उद्यमशीलता विकासमा निरन्तर आफ्ना कार्यक्रमहरू सञ्चालन गरेको छ । यसै अन्तर्गत, नबिल स्कुल अफ सोसियल इन्टरप्रेनरसिप (नबिल एसएसई)ले चौथो ब्याचको फेलोसिप कार्यक्रम सुरु गरेको छ ।




सोमबार त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्टमा चौथो ब्याचको फेलोसिप कार्यक्रमको औपचारिक रूपमा सुरुवात गरिएको हो । त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (सोमटियु) सँगको सहकार्यमा सञ्चालित यस कार्यक्रममा उद्यमी बन्न चाहने २० जनाले सहभागिता जनाएका छन् ।

नबिल बैंकले सामाजिक उद्यमशीलतामा रुचि राख्ने, नवीन सोच भएका, तथा उद्यमशील क्रियाकलापमा संलग्न नवउद्यमलाई आवश्यक ज्ञान र मार्ग निर्देशन प्रदान गर्ने उद्देश्य राखेर यो कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसअघि नबिल एसएसईले तीन समूहलाई उद्यमशीलता सम्बन्धित तालिम प्रदान गरिसकेको छ ।

चौथो चरणको फेलोसिप कार्यक्रमलाई सम्बोधन गर्दै नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडेलले बैंक केवल निक्षेप संकलन र कर्जा लगानीमा मात्रै केन्द्रित रहँदै आएकोमा क्रमशः दायरा विस्तार गरेको बताए । उनले नबिल बैंक समाजमा उद्यमशीलता विकासमा अग्रसर भएको प्रतिक्रिया दिए ।

अध्यक्ष पौडेलले नबिलले दिगो बैंकिङको अवधारणाअनुसार अन्तर्राष्ट्रिय अभ्यासलाई ध्यानमा राख्दै नेपालको सन्दर्भमा कसरी अघि बढ्न सकिन्छ भन्ने सोचका साथ यस्ता कार्यक्रम सञ्चालन गरेको बताए ।

नबिल बैंकले कीर्तिपुरमा उद्यमशीलता विकासका लागि 'हव' स्थापना गर्न खोजिरहेको जानकारी दिँदै उनले विश्वविद्यालयसँग समन्वयका लागि अनुरोध गरे । नबिल बैंकका सञ्चालक निर्वाण चौधरीले सामाजिक उद्यमशीलतामा रुचि राख्नेहरूलाई सधैं उत्कृष्ट प्लेटफर्म नबिलले प्रदान गर्दै आएको बताए ।

उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका व्यक्तित्वहरूको सहयोग लिएर पनि बैंकले उद्यमशीलता क्षेत्रमा काम गरिरहेको स्मरण गराए । यस फेलोसिपमा सहभागीहरूलाई आवश्यक सबै प्रकारका सल्लाह परामर्श प्रदान गरिने उनले बताए । नबिल बैंकका सञ्चालक चौधरीले फेलोसिप कार्यक्रमले समाजमा सकारात्मक प्रभाव पार्न थालेको भन्दै आफूहरू उत्साहित भएको प्रतिक्रिया दिए ।

"नबिलले सञ्चालन गरेको नबिल एसएसई कार्यक्रममा समाजमा निकै सकारात्मक प्रभाव पारेको हामीले महसुस गरेका छौं, तपाईंहरूसँग अहिले राम्रो पूर्वाधार नहुन सक्छ । तर, यसका लागि उचित सल्लाह र परामर्शको खोजीमा हुनुहुन्छ भने यो प्लेटफर्म एकदमै उपयोगी हुनेछ," चौधरीले भने ।

नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले उद्यमशीलता विकासमा महत्त्वपूर्ण योगदान दिइरहेको बताए । उनले "हामीले के गऱ्यौं " भन्ने प्रश्नमा गर्वका साथ जवाफ दिन सकिने गरी यो कार्यक्रमको प्रभाव परेको उनको प्रतिक्रिया छ ।

» बाकी ६ पृष्ठमा

## खेलकुद

# भियतनाममा नेपालले जित्यो तेक्वान्दोमा ८ पदक

**काठमाडौं–** नेपालका तेक्वान्दो खेलाडीले भियतनाममा भएको एसियन पुलिस तेक्वान्दो च्याम्पियनसिपमा ४ स्वर्णसहित ८ पदक जितेका छन् । त्यसमा १ रजत र ३ कांस्य पनि छ । निशा दर्नाल र जितबहादुर बोटले पुम्सेमा दोहोरो स्वर्ण पदक जितेका छन् ।

उनीहरूको जोडीले ३० वर्षमुनिको युगल पुम्सेमा स्वर्ण जितेको थियो । व्यक्तिगत महिला पुम्सेको ३० वर्षमुनि निशा र पुरुष ३० वर्षमुनि जितबहादुरले स्वर्ण जितेका हुन् । निशाले भियतनामका खेलाडीको स्कोर (६.९५५) उछिन्दै ७.७३५ स्कोर गरेर स्वर्ण जितिन् । जितले पनि ७.५७ स्कोर गरेका थिए । प्रतिद्वन्द्वी भियतनामीले ७.३४ स्कोर गरेर उनलाई कडा चुनौती दिएका थिए ।

ल्भउर्बा धयल ड ञ्भमबकि ष्ल त्बभपधयलमय ष्ल ख्भतलकडिसेम्बर ६देखि ९ सम्म चलेको प्रतियोगितामा २९ देशका ७ सय ७१ खेलाडीले सहभागिता जनाएका थिए । त्यसअघि हङकङमा नोभेम्बर २९ देखि डिसेम्बर ४ सम्म भएको हङकङ वर्ल्ड तेक्वान्दो च्याम्पियनसिप २०२४ मा सात खेलाडीले प्रतिस्पर्धा गरेका थिए । त्यसमा निशा, अस्मिन, जित, प्रेम, रोजेनसहित आयशा शाक्य र बब्लू सिवाकोटीले पनि प्रतिस्पर्धा गरेका थिए ।

हङकङमा ७७ राष्ट्रका १७ सय २४ खेलाडीले सहभागिता जनाएका थिए । निशा ३० वर्षमुनि व्यक्तिगत पुम्सेको पहिलो चरणमा फिनल्यान्डकी खेलाडीलाई रोक्दै अघिल्लो




चरण पुगेकी थिइन् । अर्को चरणमा विश्व वरीयताका नवौं स्थानमा रहेकी भारतीय खेलाडीसँग पराजित भइन् । ५० वर्षमुनिको युगल पुम्सेमा आयशा र बब्लूको जोडीले ट्युनिसिया अनुपस्थित हुँदा वाकओभर पाएको थियो । अर्को चरणमा उनीहरू इरानी खेलाडीसँग पराजित भए ।

प्रशिक्षक तथा टिम प्रमुख आयशा शाक्यका अनुसार १७ वर्षमुनिको जुनियर व्यक्तिगत पुम्सेमा रोजेन प्रजापतिले स्वर्ण जितेका छन् । उनले कोरियालीलाई उछिन्दै ७.२८५ स्कोर गरे । कोरियाली खेलाडीले ७.११५ स्कोर गरेका थिए ।

प्रेमबहादुर लिम्बूले ३० वर्षमुनि एकल पुम्सेमा रजत जितेका छन् । ३० वर्षमुनिको प्रतिस्पर्धामा उनी इन्डोनेसिया खेलाडी (७.५) भन्दा पछि परेका थिए । प्रेमले ७.२ स्कोर गरेका थिए । महिला ३० वर्षमुनि व्यक्तिगत पुम्सेमा अन्जना चौधरी र रमिला लामाले कांस्य तथा पुरुष ३० वर्षमुनि व्यक्तिगत पुम्सेमा अस्मिन राउतले कांस्य पदक जितेका छन् ।

टिम पुम्सेमा नेपाली टिम (जित, अस्मिन, प्रेम) चाइनिज ताइपेईसँ पराजित भएको थियो । अन्तिम १६ को प्रतिस्पर्धामा नेपालले ७९०० स्कोर गर्दा ताइपेईले ८००० स्कोर जोडेको थियो । निशा र प्रेमको जोडी इटालियन जोडीसँग पछाडि पर्दा आयशा ४० वर्षमुनि व्यक्तिगत पुम्सेको अन्तिम १६ मा क्यानडाकी खेलाडीसँग पछि परिन् ।

# पुरानो परम्परा र अन्धबिश्वसका कारण महिनावरीको बेलामा पुलमा आवत–जावत गर्न रोक



**बिनोद नेपाली**

**काठमाडौं–** अछामको पञ्चदेवल विनायक-९ कालेकाँडा र दैलेख जोड्ने खिड्कीज्युलाको कर्णाली नदीमा रहेको झोलुंगे पुल । पाँच महिनाअघि कोल्टिएको पुलको अझै मर्मत भएको छैन् ।

दैलेखको आठबिस नगरपालिका-६ की १४ वर्षीया लेलिन मगर अछामको पञ्चदेवल विनायक नगरपालिका-९ चिल्तडास्थित चण्डिका माध्यमिक विद्यालयमा पढ्छिन् । गत असारयता उनी झन्डै महिना दिनभन्दा बढी दिन कक्षामा अनुपस्थित भइन् । यसका कारण हो । नियमित आवतजावत गर्ने पुलमा लट्ठा चुँडिएको छ, विकल्पमा रहेको अर्को पुलछेउ मन्दिर छ । महिनावारी भएका बेला त्यो पुल तर्न नमिल्ने पुरानो परम्परा र अन्धबिश्वास रहएको छ ।

अछामको पञ्चदेवल विनायक-९ कालेकाँडा र दैलेख जोड्ने खिड्कीज्युलाको कर्णाली नदीमा रहेको झोलुंगे पुलमा गत जेठ २७ गते सामान बोकेका १३ खच्चडको भार थेग्न नसकेर लट्ठा चुँडिएको थियो । कोल्टे परेको उक्त झोलुंगे पुल अझै मर्मत गरिएको छैन । त्यसको विकल्पमा एक किलोमिटर टाढाको अर्को पुल तर्नुपर्छ । त्यस पुलमा दुवैतर्फ नैनेल देवताको मन्दिर छ ।

महिनावारीपछि पनि पाँच-सात दिनसम्मै पूजा आजा गर्न र मन्दिरनजिक जान नपाइने रहेको स्थानीय बताउँछन् । 'महिनावारी भएका बेला परीक्षा पर्यो, जरुरी पाठ पढाउने दिन भयो भने कोल्टे परेकै पुलबाट डरै डर स्कुल जान्छौं,' लेलिनले भनिन्, 'नत्र हरेक महिना स्कुल छुट्छ ।'

मन्दिरका कारण पुलमा आवत जात गर्न नमिल्ने अन्धविश्वासका कारणले चण्डिका माविमा कक्षा ८, ९ र १० का करिब २५ छात्राले महिनामा १० दिन जति पढाइ छुटाउँछन् । हाजिर नहुँदा प्रतिदिन २० रूपैयाँ जरिवाना तिर्नुपर्ने विद्यालयको नियम छ । 'महिनावारी हुँदा मन्दिर भएको पुलबाट हिँडे अनिष्ट हुन्छ भन्छन्, हामीलाई पनि हिँड्न डरै लाग्छ,' आठबिस नगरपालिका-५ की अर्की छात्रा तुल्सी चौलागाईंले भनिन्, 'स्कुल नजाँदा पढाइ छुट्छ, स्कुललाई जरिवाना पनि बुझाउनुपर्छ ।'

पछिल्लो समय छात्रा अनियमित हुने क्रम बढेको चण्डिका माविका शिक्षक जनक न्यौपानेले बताए । 'केही छात्रा जोखिम मोलेर विद्यालय आउने गर्छन् । अधिकांश छात्रा महिनावारीको ९ दिनसम्म विद्यालयमा अनुपस्थित हुन्छन्, हरेक महिना ९ दिन पढाइ छुट्नु भनेको सामान्य होइन,' उनले भने, 'पहिले राम्रो पढाइ भएका छात्रा अहिले कमजोर हुँदै गएका छन् ।'

अछामतर्फ रहेको उक्त विद्यालयमा कक्षा ८, ९, १० दैलेखका विद्यार्थीका कारण मात्र चल्न सम्भव भएको पनि उनले बताए । शिक्षक न्यौपानेले मन्दिर भएकै पुलबाट आउन सुझाव दिँदा पनि छात्राहरू परम्परा र पूर्वकालदेखि मनमा डर पैदा गरिएकाले नआउने गरेको बताए ।

यस विषयमा संसद्मा समेत कुरा उठेको थियो । सरोकारवालाले फिल्डमै प्राविधिक कर्मचारी पठाएर पुलको अवस्था अध्ययन गरेका थिए । प्राविधिक टोलीको प्रतिवेदनले 'पुल मर्मत गरेर मात्रै सञ्चालन गर्नसक्ने अवस्था नरहेकाले नयाँ निर्माण गर्नुपर्ने निष्कर्ष निकाल्यो । समय बित्दै जाँदा सरोकारवालाले पनि त्यो घटना बिर्संदै गएको स्थानीयको गुनासो छ । घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यताका कारण अछाम र दैलेखका कतिपय मानिसले कोल्टे परेकै पुलबाट जोखिम मोलेर पुल तर्ने गरेका छन् ।

मन्दिर रहेको पुल उनीहरूले तर्न नमिल्ने स्थानीयको विश्वास छ । ८ महिना पुगेका गर्भवतीले पनि मन्दिरनजिकको पुलबाट आवतजावत गर्न नमिल्ने मान्यता रहेको पञ्चदेवल विनायक-९ की भानादेवी कार्कीले बताइन् । 'गर्भावस्थामा अन्यत्र पनि पुल तर्नु हुँदैन भनिन्छ ।

झन् यहाँ त पुलछेउमा ठूलै देवताको मन्दिर भएकाले मिल्ने कुरै भएन, उनले भनिन्, 'हाम्रो मुख्य बजार भनेकै दैलेखको खिड्कीज्युला हो । गर्भवती भएको ८र९ महिनामा पनि बजारतिर जानुपर्ने हुन्छ । मेडिकल पनि उतैतिर छन् । यही जीर्ण पुलबाटै नगई अरु कुनै बिकल्प छैन् ।

# जंगली हात्तीबाट बच्न झापामा थालियो रात्रि गस्ती

झापा- झापामा जंगली हात्तीले दुःख दिन थालेपछि स्थानीयले मिलेर रात्रिकालीन गस्ती गर्न थालेका छन् । जंगलबाट हुलमै हात्ती पस्न थालेपछि शनिबारदेखि शिवसताक्षी नगरपालिकाको वडा नं ८ ले गस्ती जाने टोली नै गठन गरेर रात्रिकालीन गस्ती थालेको हो ।

वडाध्यक्ष सन्तकुमार फेउदेनका अनुसार, हात्ती गाउँ बस्ने मुख्य गौडामा बसेर कम्तिमा २५ जना सम्मेलित टोलीले हात्ती आउँदै गरेको देखिए गाउँलेलाई सूचना दिन्छ ।

'हाते माइक, सिटी र आकस्मिकका रुपमा प्रयोग गरिने साइरन बजाएर गाउँलेलाई हात्ती गाउँ पसेको सूचना दिने जिम्मेवारी गस्ती टोलीको हो', उनले अनलाइनखबरसँग भने ।

झापामा हात्तीको आक्रमणबाट वर्षेनि मानिसहरुको मृत्यु हुने गर्छ । बेलडाँगी लगायतका क्षेत्रमा हात्ती आक्रमणबाट बच्न विद्युतीय तारबारको पनि व्यवस्था गरिएको छ । यद्यपि, समस्या समाधान भएको छैन ।

शिवसताक्षीको वडा नम्बर ८ को झिलझिले, थेचम्बु, बुद्धचोक, डुंडामारी र फुलबारी चोकको गौडामार्फत् पनि दिनहुँ जङ्गली हात्ती गाउँ पस्ने गरेका छन् ।

स्थानीयका अनुसार कुनै दिन एउटा मात्र वयस्क हात्ती गाउँ पस्छ भने कुनै दिन हुल नै बाँधिएर आउँदा बाली खराप हुने गरेको छ, घर लगायतका संरचना भत्किने गरेको छ । कतिपय स्थानीयले हात्ती पसेको थाहा पाएपछि बालबालिका चेपेर घर छाड्ने गरेका छन् ।

महिनौंदेखि हात्तीले शिवसताक्षी नगरका केही वडामा आतंक मच्चाउन थालेपछि उपाय खोजी गर्दै वडाध्यक्ष फेददिनसहितले छलफल गरेका थिए ।



त्यसक्रममा रात्रिकालीन गस्ती गर्ने उपाय स्थानीयले सुझाएका थिए ।

गस्ती टोली परिचालित भएपछि स्थानीयलाई ढुक्कले सुत्न वडा अध्यक्ष फेउदिनले आग्रह गरे । ' हात्ती आएको सूचना हामी तपाईंहरूलाई उपलब्ध गराउँछौं, त्यतिन्जेल ढुक्कले सुत्नुहोस्,' उनले सोमबार स्थानीयवासीसँग भने ।

पूर्वपश्चिम राजमार्ग उत्तरको रतुवामाई वृक्षरोपण आयोजनाको जङ्गलमा दिनभरि बस्ने र रात परेपछि गाउँ पस्ने गर्दा आतंकित स्थानीयलाई गस्तीले केही राहत दिने नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले बताउँछिन् ।


झिलझिलेका स्थायीवासी बालकृष्ण अधिकारीका अनुसार, गस्ती टोली चारवटा समूहमा गस्ती टोली परिचालित हुने गरेको छ । हात्ती पस्ने गौडामा गस्ती टोली बसेर गाउँलेलाई सूचना प्रदान गर्ने हुँदा सबै रातभर अनिदो भएर बस्नु नपर्ने उनले बताए ।

गस्ती टोलीमा प्रहरी, रेडक्रसका अधिकारी, स्थानीय बजार विकास समिति लगायतका प्रतिनिधि पनि छन् ।

# सार्क महासचिवलाई उपराष्ट्रपतिले भने : सार्क सम्मेलन छिट्टै होस्

**काठमाडौं–** उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का महासचिव मोहम्मद गुलाम सरवरले शिष्टाचार भेट गरेका छन् ।

सोमबार लैनचौरस्थित उपराष्ट्रपति कार्यालयमा भएको भेटवार्तामा क्षेत्रीय सहयोग र सार्कको भूमिका, अवसर र चुनौती तथा समग्र क्षेत्रीय शान्ति र दिगोपन सम्बन्धमा छलफल भएको उपराष्ट्रपतिको निजी सचिवालयले जानकारी दिएको छ ।



'संस्थापक नेताले हामीलाई सुम्पिएको जिम्मेवारी सजगता र सकृयताका साथ निर्वाह गर्दै भावी पुस्तालाई शान्त र समृद्ध सार्क क्षेत्र हस्तान्तरण गर्न सक्नुपर्दछ,' उपराष्ट्रपतिले यादवले भने ।

उनले सार्कका महत्वपूर्ण संयन्त्रका बैठक नियमित आयोजना र १९ औं शिखर सम्मेलनको तदारुकताका साथ आयोजना गर्ने विषयको महत्त्वबारे जानकारी गराए।

सार्कका संस्थागत निर्णय कार्यान्वयन गर्न सदस्य राष्ट्रको साझा प्रतिबद्धता र सहकार्य अपरिहार्य रहेकामा उनले जोड दिए ।

'लोकतान्त्रिक प्रणाली, सुशासन र मानवअधिकार प्रवर्द्धनका लागि सदस्य राष्ट्रबीचको साझा प्रतिबद्धता अत्यावश्यक छ,' उपराष्ट्रपति यादवले भने, 'म सार्क लोकतन्त्रको बडापत्र बनाउनुपर्ने आवश्यकतामा जोड दिन चाहन्छु ।'

सार्कका महासचिव सरवरले अगामी 'सार्क चार्टर डे' का लागि सबै सदस्य राष्ट्रको शुभकामना प्राप्त गरेको उल्लेख गर्दै सार्क मुलुकका विभिन्न चुनौती मिलेर सामना गर्नुपर्ने बताए । उनले भने, 'सार्क राष्ट्रहरु सम्पन्न हुन साझा प्रयास जरुरी छ ।'

# शिक्षामन्त्रीको प्रश्न : शिक्षकले तलब नपाएको कुरा कसले बोल्ने ?



**काठमाडौं–** शिक्षामन्त्री विद्या भट्टराईले शिक्षकहरूले तलब नपाएको विषयमा संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा कुरा उठाएकी छिन् । विद्यालय शिक्षा विधेयकमाथिको छलफलका क्रममा सोमबार उनले संघीय सरकारबाट शिक्षकको तलब नरोकिएको बताइन् ।

'शिक्षकको मासिक तलब संघ सरकारले पठाइ रहेको छ नि । तर पालिकाको सभा नबसेका कारण तलब दिन नसकेको भन्ने कुरा आएको छ । त्यसमा कसले बोल्ने ?,' उनले प्रश्न गरिन् ।

कतिपय स्थानीय सरकारले तलब नदिएपछि शिक्षा मन्त्रालयले पत्र पठाएर तलब दिन भनेको थियो । मन्त्रालयले पत्रचार गर्दा पनि शिक्षकले तलब पाएका थिएनन् । त्यसपछि शिक्षा मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई गुहारेको थियो ।

विद्यालय शिक्षा ऐन नबनेका कारण यो समस्या आएको निचोड मन्त्री भट्टराईको छ । यतिमात्र होइन यसका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन भएमा धेरै समस्यामो समाधान हुने मन्त्री भट्टराईले बताइन् ।

'तीन तहको सरकारको हैसियत एउटै हो । सहअस्तित्व र सहकार्य गर्ने हो । यसका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐनलाई कार्यान्यवन गर्दै जाने हो,' मन्त्री भट्टराईले भनिन, 'मन्त्रालयले २०८३ सम्मको योजना बनाएर काम गरिरहेको छ । पालिकासँग कोष हुनुपर्छ । पालिकासँग शिक्षा योजना हुनुपर्छ । कार्यान्वयन गर्न सकन्छि ।'

अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले पुगेन भनेपछि विद्यालय शिक्षा विधेयक सरकारले ल्याएको उनले बताइन् । 'अब ०२८ सालको ऐन प्रतिस्थापन गर्दै आजको आवश्यकता अनुसार ऐन निर्माण गरौं,' उनले भनिन्, 'संघले शिक्षा ऐन नबनाएको कारण प्रदेश र स्थानीयले ऐन बनाउन सकेन । त्यसकारण हामीले ल्याएका छौँ ।'

अहिलेसम्म पनि शिक्षकको परिभाषा नभएकाले ऐनमा उल्लेख गर्नुपर्ने मन्त्री भट्टराईले बताइन् । 'शिक्षक के हो परिभाषा छैन । एकातिर १८ प्रकारको शिक्षक हुनुहुन्छ । अर्कोतिर शिक्षकको मापदण्ड दिन सकेको छैन । आजको अवस्थामा शिक्षक के हो भन्नका लागि पनि चाहिन्छ,' मन्त्री भट्टराईले भनिन् ।

शिक्षक र विद्यार्थीको अनुपात अनुसारको दरबन्दीका विषयमा मन्त्रालयले पुनरावोलकन गर्न काम गरिरहेको मन्त्री भट्टराईले बताइन् । 'ईसीडीदेखि १२ सम्मको पुनरावोलकन गर्न काम सुरु भएको छ । ईसीडीका शिक्षकलाई शिक्षक मान्ने कि सहजकर्ता भन्ने छ । यसलाई परिभाषित गर्न अध्ययनको काम भइरहेको छ,' उनले भनिन् ।

मन्त्रालयले विद्यालय शिक्षा ऐनको मस्यौदा दिएको बताउँदै मन्त्री भट्टराईले सबैपक्षसँग छलफल गरे टुंगो लागाउनु पर्ने बताइन् । जवाफमा समिति सभापति अम्बरबहादुर थापाले अबको शिक्षा कस्तो हुनेभनेर थप काम गर्न मन्त्रालयलाई आग्रह गरे ।

'मन्त्रालयले मस्यौदा पेस गरिसकेको छ । अब तपाईहरुले जे भन्नुहुन्छ मान्छु भन्ने भन्दा पनि अबको शिक्षा कस्तो चाहिन्छ भनेर मन्त्रालय थप ध्यान दिओस्,' सभापति थापाले भने ।

# कांग्रेसमा जनसम्पर्क समिति सदस्य नयाँ व्यवस्था

**काठमाडौं ।** नेपाली कांग्रेसले विदेशस्थित जनसम्पर्क समितिको अध्यक्ष स्वत महाधिवेशन तथा महासमिति सदस्य हुने व्यवस्था हटाएको छ ।

सोमबार बसेको कार्यसम्पादन समितिको बैठकले पार्टीको विदेशमा बस्नेका लागि दुई प्रकृतिको सदस्यता हुने निर्णय लिएको छ ।

कांग्रेसको क्रियाशील सदस्यता र जनसम्पर्क समितिको सदस्यता गरी दुई प्रकृतिको बनाइएको छ । जनसम्पर्क समिति अध्यक्ष, पदाधिकारी वा सदस्य चयन गर्दा दुवै प्रकृतिको सदस्यता अनिवार्य गरिएको छ ।

तर, गैरआवासीय नेपालीले जनसम्पर्क समितिको मात्रै सदस्यता पाउनेछन् । उनीहरूलाई पार्टीको क्रियाशील सदस्यता बन्न पाउने छैनन् । गैर आवासीय नेपालीले कांग्रेसको क्रियाशील सदस्य हुन पाउने छैनन् ।

सहमहामन्त्री जीवन परियारले गैर आवासीय नेपाली कांग्रेसको जनसम्पर्क समिति सदस्य, पदाधिकारी हुन पाउने तर महाधिवेशन र महासमिति प्रतिनिधि हुन नपाउने व्यवस्था गरिएको जानकारी गराए ।

कार्यसम्पादन समिति बैठकले विदेशस्थित जनसम्पर्क समितिबाट महाधिवेशन र महासमितिमा हुने सहभागिता संख्यामा नयाँ व्यवस्था गरेको छ ।

कम्तीमा एक सय जना क्रियाशील सदस्य र जनसम्पर्क सदस्य रहेका देशबाट महाधिवेशन र महासमिति प्रतिनिधि १/१ जना हुने गरी व्यवस्था गरिएको छ ।

पाँच सयभन्दा बढी रहेको देशबाट सात जना महाधिवेशन प्रतिनिधि र तीन जना महासमिति बैठकमा सहभागी हुन पाउने छन् ।

दुई हजार वा उक्त संख्याभन्दा बढी क्रियाशील र जनसम्पर्क समिति सदस्य भएका देशबाट महाधिवेशनमा १४ र महासमिति बैठकमा ६ जना सहभागी हुन पाउने गरी नयाँ व्यवस्था राखिएको छ ।

## अन्तराष्ट्रिय

# बेलायतले ई-भिसा लागू गर्ने म्याद बढायो

**लन्डन–** बेलायत सरकारले बायोमेट्रिक कार्ड प्रतिस्थापन गरी डिजिटल ई-भिसा लागू गर्ने म्याद केही महिना सार्ने निर्णय गरेको छ । ई-भिसा रोलआउटमा समस्या आएपछि गृह मन्त्रालयले कम्तीमा मार्च ३१ सम्म नयाँ नियम लागू हुने म्याद थपेको हो ।

सरकारले यसअघि बेलायतमा बस्न, काम गर्न र बेनिफिट्स लिन पाइने अधिकार भएको बायोमेट्रिक रेसिडेन्स कार्ड (बीआरसी) र बायोमेट्रिक रेसिडेन्स परमिट (बीआरपी) डिसेम्बर ३१ सम्म मात्र कायम रहने घोषणा गरेको थियो । डिसेम्बर ३१ पछिको भिसा हुनेहरूले अनिवार्य ई-भिसा परिवर्तन गर्नुपर्ने नियम ल्याइएको हो ।

लन्डनस्थित एभरेस्ट ल फर्मका सोलिसिटर राजु थापा सरकारले ई-भिसा परिवर्तनको म्याद थप्दा केही राहत मिल्ने बताए । 'विशेषगरी अहिले भूतपूर्व गोर्खा वृद्धवृद्धाहरूमा ई-भिसाबारे अन्योल देखिएको छ,' थापाले भने,'अहिले नै गरिहाल्न हतार नहुने भयो तर, अन्तिम समयभन्दा बेलैमा परिवर्तन गरेर बस्न उपयुक्त हुन्छ ।' जसको पुरानो पासपोर्टमा भिसा स्टिकर वा आईएलआर छ, उनीहरूले पनि होम अफिसमा एनटिलको निवेदन दिएर त्यो स्वीकृत भएपछि ई-भिसा बदल्नुपर्ने उनले बताए ।

सरकारले म्याद गुज्रिएको बीआरपी कार्डबाट मार्च मसान्तसम्म यात्रा गर्न अनुमति दिने भएको छ तर सकभर बेलैमा ई-भिसा परिवर्तन गर्न कानुनविदहरुको सुझाव छ । मार्च ३१ सम्म म्याद सकिएको यूके रेसिडेन्स परमिट कार्डबाट पनि एयरलाइन्सहरूले यात्रुलाई यात्रा अनुमति दिने गृह मन्त्रालयले पुष्टि गरेको छ ।

गृह मन्त्रालयले बुधबार ६० लाखभन्दा बढी मानिसले ई-भिसा प्रयोग गरिसकेका र परिवर्तनको घोषणा भएदेखि थप ३१ लाखले आवेदन दिएका जनाएको छ । आप्रवासनमन्त्री सीमा मल्होत्राले आफ्नो बीआरपी कार्ड गुमाएका र पहिचान हुने अरु कुनै कागजात नभएका थोरै मानिसका लागि यूके भिजा एन्ड इमिग्रेसन (यूकेभीआई) को अनलाइन अकाउन्ट खोल्न असहज भएको स्वीकारेकी छन् ।

मन्त्री मल्होत्राले सरकारले नोभेम्बर १ देखि यस्ता आवेदक र नयाँ मान्यताप्राप्त शरणार्थीहरूका लागि स्वतः यूकेभीआई अकाउन्ट सिर्जना गर्ने व्यवस्था गरिसकेको बेलायती संसद्लाई जानकारी गराएकी छिन् ।

ई-भिसा व्यक्तिको अध्यागमन स्टाटस देखाउने एक अनलाइन रेकर्ड हो । भौतिकजस्तो हराउने, चोरी हुने वा बिग्रने अवस्था नभएकाले ई-भिसा सुरक्षित हुने गृह मन्त्रालयको भनाइ छ । यो यूके बोर्डरमा वा रोजगारदाता एवं घर मालिकहरूसमक्ष आफ्नो अध्यागमन स्टाटस प्रमाणित गर्न पनि सजिलो र छिटो हुने सरकारको विश्वास छ ।

# बालिका बलात्कार आरोपमा बिर्तामोडका पूर्वमेयर पक्राउ

**विराटनगर–** घरेलु कामदारको रूपमा राखिएकी बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले झापाको बिर्तामोड नगरपालिकाका पूर्व नगरप्रमुख ध्रुवकुमार शिवाकोटीलाई पक्राउ गरेको छ ।

झापाको काँकडभिट्टाबाट उद्दार गरिएकी १७ वर्षीया बालिकाको बयानका आधारमा प्रहरीले शिवाकोटीलाई सोमबार पक्राउ गरेको हो ।

प्रहरीका अनुसार बालिकाको बुबा छैनन् । आमा भारतको आसाममा बस्छिन् । घरको काम गरिदिने र पढाइदिने शर्तमा उनलाई घरेलु कामदार राखिएको खुलेको छ ।

उनी कलेज ड्रेसमै काँकडभिट्टाबाट भारत जान खोज्दै गर्दा नाकामा रहेको आफन्त नेपालको सहयोगमा प्रहरीले उद्दार गरेको हो । बालिकाले घटनाका बारेमा सुनाएपछि प्रहरीले शिवाकोटीलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दका अनुसार पक्राउ परेका शिवाकोटीमाथि करणी आरोपको विषयमा अनुसन्धान भइरहेको छ ।

शिवाकोटी २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट बिर्तामोड नगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए ।

पृष्ठ १ बाट जारी

## कृषि पेशा...

रबिनले कृषिमा लगानी गर्दा आफ्नो भविष्य मात्र सुनिश्चित गरेको छैन, उनले गाउँका अन्य व्यक्तिहरूलाई पनि रोजगारको अवसर उपलब्ध गराएका छन् । उनी अहिले आफ्नै फार्ममा पाँच जना स्थानीयलाई काममा लगाएर आफ्नो व्यवसायको विस्तार गर्दैछन् । यसले गाउँका अन्य व्यक्तिहरूलाई आर्थिक स्वतन्त्रता र समृद्धिको बाटो खोलिदिएको छ ।

उनको यो प्रेरणादायक प्रयासले गाउँका अन्य युवाहरूलाई पनि कृषि क्षेत्रमा अवसर र आशा देखाएको छ ।

पृष्ठ १ बाट जारी

## रास्वपाका कार्यकर्ता...

भुषालले जानकारी दिए । घाइतेको भरतपुर सामुदायिक अस्पताल, नारायणी सामुदायिक अस्पताल, देव अस्पताल लगायतका अस्पतालमा उपचार भइरहेको उनले बताए । रास्वपा सभापति लामिछानेको बयान सरकारी वकिलको कार्यालयमा जारी छ ।

यहाँको साहारा सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोप लागेपछि प्रहरीले उनलाई बयानका लागि मंगलबार काठमाडौंबाट चितवन ल्याएको हो । साहारा सहकारीबाट १० करोड ८० लाख गोर्खा मिडियामा गएको आरोप लागेपछि उनलाई बयानका लागि चितवन ल्याइएको हो ।

पृष्ठ १ बाट जारी

## ओली...

सहरी विकासमन्त्री प्रकाशमान सिंह र खानेपानीमन्त्री प्रदीप यादवसमेत सहभागी हुने कार्यक्रम छ ।

यसैगरी, भोलि सोमबार बिहान १० बजे बेलडाँगी खानेपानी आयोजनाको उद्घाटन, ११ बजे गौरादह नगरपालिकाअन्तर्गत महारानीझोडामा जग्गाधनीपुर्जा वितरण र दिउँसो १२:३० बजे गौरादह बजारमा ताजपुरिया समाजको भेलालाई सम्बोधन गर्ने कार्यक्रम छ ।

मेचीनगरको मानवसेवा आश्रम उद्घाटन, शिलान्यासबाहेक अन्य सबै कार्यक्रम उहाँको निर्वाचन क्षेत्रभित्र पर्ने एमाले जिल्ला अध्यक्ष गिरीले जानकारी दिए ।

पृष्ठ ३ बाट जारी

## सातौं संस्करण...

फेस्टिभलमा अल्पसंख्यक कलाकार तथा वक्ताहरुलाई समावेशी तथा लैङ्गिक क्षेत्रमा गरेका कामका विषयमा जानकारी दिन, सोच प्रदर्शन तथा धारणा राख्नका लागि अवसर दिइनेछ । यहाँ सहभागी महिलाहरुले आफ्ना समस्या, दबाब, अभाव र अवसरका विषयमा खुला छलफल गर्नेछन् । यो राजनीतिकर्मी, अधिकारकर्मी, कला, साहित्य र संगीत जस्ता सिर्जनात्मक क्षेत्रका काम गरिरहेका महिलाहरुले आफ्ना क्षेत्रका अनुभव बाँड्ने अवसर पनि हो ।

यसरी चल्ने सत्रहरुमा जलवायु परिवर्तन, खेलकुद, आमसञ्चारलगायत विभिन्न पेशामा महिलाको भूमिका र पहिचानका विषय समेटिनेछन् । लैङ्गिक मुद्दामा महिला र बालिकाहरुको क्षमता वृद्धि गर्ने महिला नेतृत्वमा प्राप्त महत्वपूर्ण उपलब्धी र उपलब्धि हासिल गर्दाका प्रयत्नका विषयमा उत्प्रेरणात्मक सत्र चल्नेछन् ।

पृष्ठ ४ बाट जारी

## नबिल एसएसइ...

फेलोसिप कार्यक्रममा सहभागीहरूले ६ महिनाको अवधिमा १८ दिनको एक्सन-बेस्ड आवासीय तालिम लिने, एक वर्षसम्मको परामर्श सेवासमेत उपलब्ध गराइने जानकारी दिइएको छ । तीन महिनाको नबिल एसएसई सर्टिफिकेट कोर्सले सामाजिक उद्यम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्दै आएको ज्ञवालीले बताए ।

उनका अनुसार, तालिम अवधिभर सहभागीहरूले आफ्नो उत्पादनको ब्रान्डिङ, मार्केटिङ, र बैंकिङका विधिहरू सिक्नेछन् । उनले भने, "हामी व्यवसायका क्रममा आवश्यक सम्पूर्ण समाधान उपलब्ध गराउँछौं ।"

त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (सोमटियु) का निर्देशक डा. गोविन्द तामाङले नबिल बैंकको यस्तो कदमले विश्वविद्यालय र कर्पोरेट क्षेत्रले कसरी समन्वय गरेर काम गर्न सक्छन् भन्ने उत्कृष्ट उदाहरण प्रस्तुत गरेको बताए । यस्तो सहकार्यले विश्वविद्यालयलाई नयाँ पाठ्यक्रम निर्माण गर्न सहयोग पुर्‍याउने उनको विश्वास छ ।

फेलोसिपका २० सहभागीमध्ये ११ जना महिला छन् । सहभागीहरू काठमाडौंका ८, ललितपुरका ३, भक्तपुरका ३ र खोटाङ, रुपन्देही, सुनसरी, तनहुँ, बाँके र अर्घाखाँचीका ६ जना रहेका छन् । सहभागीहरूले पर्यावरणमैत्री व्यवसायजस्तै केराको फाइबरबाट कपडा निर्माण, प्राकृतिक जडिबुटीबाट सौन्दर्य सामग्री उत्पादन, र विभिन्न डिजाइनका मैनबत्ती उत्पादन गरिरहेका छन् ।

इन्जिनियरिङ र आयुर्वेद अध्ययन गरेर व्यवसाय सुरु गरेका उद्यमीहरूको सहभागिताले कार्यक्रमलाई थप प्रभावकारी बनाएको छ । कृषि उत्पादन, गहनाको निर्माण, डिजिटल लर्निङ म्यानेजमेन्ट सिस्टम, र इ-लर्निङ प्लेटफर्मको विकासमा सहभागीहरूको लक्ष्य रहेको बैंकले जनाएको छ ।

बैंकले सहभागी छनोटका लागि लामो प्रक्रिया अपनाएको थियो । साउनमा खुलेको सयौं आवेदकहरु मध्ये सम्भावना र काम गर्ने अठोट भएका व्यक्तिहरूलाई मात्र छनोट गरिएको हो ।

चौथो कोहर्टका सहभागीहरूले कार्यक्रममा आफ्ना उत्पादन प्रदर्शन गरेका छन् । उनीहरूले आफ्ना उत्पादनलाई दिगो बनाउने र विस्तार गर्ने तरिकाबारे विज्ञहरूसँग सल्लाह लिनका लागि कार्यक्रममा सहभागिता जनाएको प्रतिक्रिया दिए ।

नबिल एसएसई कार्यक्रम मार्फत हालसम्म ५६ जना सामाजिक उद्यमीलाई प्रशिक्षित गरिएको छ । तीमध्ये ४५ वटा उद्यम स्थापना भइसकेको नबिलले जनाएको छ । त्यस्तै एक हजार २०० भन्दा धेरैलाई रोजगारी उपलब्ध गराइसकेको छ ।

# श्रष्टा विशेषका रूपमा अनिता लामाका आधा दर्जन सिर्जना गुञ्जिए सुप्रभात काव्य गोष्ठी नागार्जुनमा



■ जयराम बिडारी

**काठमाडौं–** हरेक महिनाको तेस्रो शनिवारका दिन नियमित रुपमा सम्पन्न गरिने नागार्जुन वाङ्मय प्रतिष्ठानको शुप्रभात काव्य गोष्ठीमा कवि, साहित्यकार तथा जनप्रतिनिधिका रुपमा परिचित अनिता लामाकाा आधा दर्जन सिर्जना सहित तीन दर्जन साहित्यकारका सिर्जना प्रस्तुत गरिएका छन् ।

इजी वे बचत तथा ऋण सहकारी संस्थाको हल अद्वैतमार्ग, बागबजारमा आयोजित कार्यक्रम प्रतिष्ठानका अध्यक्ष दिल पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीको प्रमुख आतिथ्यमा विशिष्ट अतिथि प्रा.डा.जीबेन्द्रदेब गिरी, प्रलेसकी उपाध्यक्ष नमुना शर्मा कवि डम्बर एलाक,संस्थापक अध्यक्ष वैरागी जेठा लगायत तीन दर्जन साहियानुरागी हरुको उपस्थितिमा सो कार्यक्रम सुसम्पन्न गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि तथा समिक्षकको भूमिकामा रहेका सुवेदीले औपचारिक रुपमा पहिलो पटक अनिता लामाका कविता श्रवण गर्ने अवसर जुटेको उल्लेख गर्दै कविको क्षमता उस्को सृजनामा हुने विचार व्यक्त गरे । समीक्षा विना पनि एक कवि आफ्नो काव्यिक यात्रा निरन्तर गरिरहन्छ चर्चा परिचर्चाको लोभ बिना पनि भन्दै लामो समयदेखि सिर्जनात्मक रुपमा सक्रिय लामाको सिर्जनाशीलता त्यत्तिकै सक्रिय रहेकोमा खुशी व्यक्त गर्दै समग्रतामा वाचित रचनाहरुको समिक्षा गरे । उनले साहित्यमा प्रयुक्त हुने लोक छन्द,मुक्त छन्द तथा शास्त्रीय छन्दमा कविता वाचन गरिनु राम्रो कुरा भएको बताउँदै लोक छन्द राजमति छन्द,मुन्धुम छन्द लगायत भ्याउरे छन्दमा समेत बहार आउनु सन्तोषरो विषय रहेको बताए । साथै उनले गजलको शास्त्रीय परंपरालाई अतिवादको रुपमा प्रस्तुत गरिनु पनि उपर्युक्त नहुने विचार व्यक्त गरे । यसैगरि प्रा.डा. जीवेन्द्रदेव गिरीले भाषा साहित्यको सेवा गर्दै जनप्रतिनिधिका रुपमा समेत उत्तिकै लोकप्रिय रहेकी सर्जक अनिता लामालाई रचना वाचन गर्ने उपर्युत अवसर प्रदान गरेकोमा नागार्जुन वाङ्मय प्रतिष्ठानको मुक्तकण्ठले प्रसंशा गर्दै रचना वाचन गरेका थिए ।

सो अवसरमा स्रष्टा विशेषका रुपमा रहेकी कवि अनिता लामाले २०४६ साल देखिको आन्दोलनको जगमा प्राप्त उपलब्धिले अहिले पनि जनता आस्वस्थ हुन नसकि रहेको परिप्रेक्ष्यमा आफूले आसा उमार्ने जगाउने र उज्यालो भविष्यको प्रतिबिम्बित गर्ने अभ्यास गर्ने तथा एक जनप्रतिनिधिको रुपमा कार्यान्वयन गर्ने तहमा रहेकोले निराशाजनक सृजना प्रस्तुत नगरिएको बताउँदै समिक्षाका क्रममा प्राप्त उत्साहवर्धक प्रतिक्रियाका लागि अनि मञ्च प्रदानका लागि नागार्जुन वाङ्मय प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गरिन् । उक्त अवसरमा प्रतिष्ठानका अध्यक्ष दिल पौडेलले अभ्यागतहरुमा हार्दिक व्यक्त गर्दै प्रतिष्ठानले भाषा कलालाई सम्वर्द्धन गर्ने नियमित प्रयासमा आगामी दिनमा धर्म र दर्शनका बारेमा प्रशिक्षण गर्ने अभियानको थालनी गर्न लागेको घोषणा समेत गरे ।

उक्त कार्यक्रममा प्रमुख अतिथि डा धनप्रसाद सुवेदी र श्रष्टा विशेष कवि अनिता लामा समेत २ जनालाइ नागार्जुन वाङ्मय सम्मान - २०८१ द्वारा सम्मान गरिएको थियो । यसैक्रममा नागार्जुन वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित वाङ्मय सौरभ स्रष्टा विशेष,प्रमुख ख अतिथि विशिष्ट अतिथि लागायतलाई प्रदान गरिएको थियो ।

कविहरु कृष्णप्रसाद पौड्याल, भावकेशर बराल,गङ्गा खतिवडा,पार्वती भट्ट,सन्जय सोती,रुबी सत्याल, इन्दिरा निरौला,बलराम विष्ट,लब खड्का, रामप्रसाद सापकोटा, नवीन पल्लव, मिशन अधिकारी, शिवहरी पाण्डे,महेशप्रसाद सिलवाल, राजेन्द्रकुमार बर्तौला,शुसान तामाङ लगायतले विभिन्न भावका कविता सुनाएका थिए ।

माधव घिमिरे ‘अटल’र युवराज नास्तिकद्वारा संयुक्त रुपमा संचालन गरिएको कार्यक्रममा टिभी पत्रकार राजनप्रसाद न्यौपाने लगायत संचारकर्मीहरु लोकमणि रिजाल, गंगाप्रसाद भेटवाल,बिष्णु भण्डारी समेतको उपस्थिति रहेको थियो ।

# ‘छुटकारा’ चलचित्रबाट शिव सागर खड्काको डेब्यु




**काठमाडौं–** नेपाली इसाई कथामा आधारित “छुटकारा” चलचित्रबाट गायक तथा सर्जक शिव सागर खड्काले आफ्नो अभिनय यात्रा सुरु गरेका छन्। रोशन सेवकको निर्देशनमा बनेको यो चलचित्र आगामी पुस १७ गते प्रर्दशनमा आउने भएको छ ।

गायन र मोडलिङ क्षेत्रमा सफल करियर बनाएका खड्का अब अभिनयमा हात आजमाउँदै छन् । पोस्टरमा खड्कालाई गम्भीर र गहिरो भावमा देख्न सकिन्छ, जसले दर्शकहरूमा चलचित्रप्रति थप उत्सुकता जगाएको छ ।

चलचित्रमा खड्काको साथमा अन्य थुप्रै कलाकारहरूको दमदार अभिनय रहेको छ । कथावस्तुले नेपाली समाजमा इसाई समुदायको कथालाई चित्रण गर्ने अपेक्षा गरिएको छ ।

# मानव अधिकार आयोगमा गएनन् प्रहरी प्रमुख



**काठमाडौं–** प्रहरी प्रमुख (आईजी) वसन्तबहादुर कुँवरलाई सोधपुछका लागि राष्ट्रिय मानव अधिकार आयोगमा बोलाइए पनि उनी उपस्थित भएनन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेलाई मध्यरातमा चितवनबाट पोखरा लगिएको घटनामा सोधपुछका आयोगले प्रहरी प्रमुखलाई बोलाएको थियो ।

रविमाथि हिरासतमै मानव अधिकार उल्लघंन भएको भन्दै बयानका लागि बोलाइए पनि सोमबार कुँवर उपस्थित नभएको आयोगका प्रवक्ता टिकाराम पोखरेलले बताए । कुँवर आफू उपस्थित नभएर अपराध अनुसन्धान विभागका एआईजी टेकप्रसाद तामाङ, सचिवालयका डीआईजी दानबहादुर कार्की र प्रहरीकै मानव अधिकार शाखाका एसपी मोहनकुमार थापालाई आयोगको कार्यालयमा पठाएका थिए ।

प्रहरीसँग आयोगका सदस्य मनोज दुवाडीले कानूनी शासनको प्रत्याभूतिसहित स्वच्छ पुर्पक्षको अधिकार र बन्दीका आधारभूत मानव अधिकारलाई सम्मान तथा संरक्षण गर्दै निक्ष्पक्ष र स्वतन्त्र अनुसन्धान गर्न भनेका थिए ।

प्रहरी प्रमुख कुँवर उपस्थित नभएपछि यस विषयमा कुँवरसँग थप बुझ्िने पनि प्रवक्ता पोखरेलले बताए ।

जिल्ला प्रहरी कार्यालय चितवनको हिरासतमा रहेका रविलाई मध्यरातमा त्यहाँबाट पोखरा लगिएको, उनको डायरी समेत गायब पारिएको र मानव हधिकार उल्लंघन गरिएको भन्दै उनकी श्रीमती निकिता पौडेल र पार्टीले आयोगमा उजुरी हालेको थियो ।

उक्त उजुरीमा आईजी कुँवरकै आदेशमा चितवन प्रहरीले काम गरेको आरोप लगाइएको छ ।

# प्रकाश र परीक्षालाई लिएर “सोल्टिनी” बन्ने




गत वर्ष प्रदर्शनमा आएको फिल्म ‘रङ्गेली’बाट निर्देशनमा डेब्यु गरेका अर्जुन सुवेदीले आफ्नो दोस्रो फिल्म ‘सोल्टिनी’को निर्माण घोषणा गरेका छन् । सोमबार घोषणा टिजर र फर्स्टलुक पोस्टरमार्फत् फिल्मका मुख्य कलाकार र कथावस्तुबारे जानकारी गराइयो । अभिनेता प्रकाश सपूत र अभिनेत्री परीक्षा लिम्बूलाई लिएर बन्न लागेको फिल्मले जातीय भेदभाव र वियोगान्त प्रेमकथा भन्नेछ ।

सार्वजनिक पोस्टरमा प्रकाश र परीक्षा भावुक मुद्रामा प्रस्तुत छन्, जसले उनीहरुबीच विछोड हुन लागेको संकेत गर्छ । घोषणा टिजरमा भने चर्चित ‘स्टोरी टेलर’ साइग्रेस पोखरेलले फिल्मको भाव बुझाउने कथावाचन गरेका छन् । त्यसपछि प्रकाश र परीक्षाको पात्र परिचय दिँदै उनीहरुबीच अन्तिमपटक भेट हुँदाको मर्मस्पर्शी संवाद समावेश छ ।

टिजरमा उल्लेख भएअनुसार फिल्ममा प्रकाश ‘भीमसेन पोखरेल’ र परीक्षा ‘दिलासा राई’को भूमिकामा प्रस्तुत हुनेछन् । कथा भने भोजपुरको गाउँको हुनेछ । फिल्ममा प्रकाश र परीक्षाबाहेक अन्य कलाकारहरु निश्चित भएका छैनन् । आगामी पुष १५ गतेबाट छायांकनको तयारी गरिएको फिल्मलाई २०८२ सालको असोज ३ गते (संविधान दिवस) प्रदर्शन गरिने जनाइएको छ ।

प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिनेको र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बन्न लागेको फिल्मको निर्मातामा रेजिना विष्ट र संसार चौलागाईं छन् । फिल्मलाई नेपालमा आरआर फिल्म्स र अन्तर्राष्ट्रिय बजारमा नेप सिनेले वितरण गर्ने निश्चित भइसकेको छ ।

# नेपाल टेलिकमको जुम्ला जिल्लामा द्दन/द्धुन मोबाइल सेवा विस्तार

**काठमाडौं–** नेपाल टेलिकमले कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको पातार ासी गाउँपालिकामा मोबाइल सेवा विस्तार गरेको छ । पातारासी गाउँपालिका वडा नं. २ मा नयाँ साइट निर्माण गरी मिति २०८१ मङ्सिर १६ गते देखि द्दन्/द्धन् मोबाइल सेवा सञ्चालन गरिएको हो ।

जिल्लाको अति विकट पातारासी गाउँपालिकामा नेपाल टेलिकमले मोबाइल सेवा सञ्चालन गरेसँगै उक्त गाउँपालिकाका वडा नं. १, २ र ३ अन्तर्गतका गडीगाउँ, तल्फीगाउँ, माताचौरगाउँ, छुमचौरगाउँ लगायत स्थानमा बसोबास गर्ने वासिन्दाहरु पहिलो पटक दूरसञ्चार सेवाबाट लाभान्वित भएका छन् ।

दूर दराजका क्षेत्रमा दूरसञ्चार सेवा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकतामा राख्दै कम्पनीले उक्त स्थानका ग्राहकहरुको मागलाई लक्षित गरी ख्यष्अभ तथा म्बतब सेवाको विस्तार गरेको छ ।

यससँगै यस भेगका स्थानीयवासी, घुम्न आउने पर्यटकहरु तथा यस क्षेत्रका पर्यटन लगायत अन्य व्यवसायीहरुले आधुनिक दूरसञ्चार सेवाको प्रयोग गरी लाभ लिन सक्ने विश्वास कम्पनीको रहेको छ ।

# डा. केशवराज भुर्तेललाई भ्रष्टाचारको आरोपबाट सफाइ



**काठमाडौं–** सर्वोच्च अदालतले चितवनको भरतपुर अस्पतालका पूर्व मेडिकल सुपरिटेण्डेन्ट डा. केशवराज भुर्तेललाई गैरकानुनी सम्पत्तिआर्जनको भ्रष्टाचार मुद्दाबाट सफाइ दिएको छ ।

न्यायाधीशहरू सपना प्रधान मल्ल र शारंगा सुवेदीको इजलासले भुर्तेललाई भ्रष्टाचारी ठहर गर्ने विशेष अदालतको फैसला उल्ट्याएको हो ।

चार पटकसम्म भरतपुर अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट बनेका भुर्तेलमाथि पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोग थियो ।

विशेष अदालतले डा. भुर्तेललाई ३ महिना कैद अनि ३२ लाख ५६ हजार रुपैयाँ बिगो र त्यति नै जरिबाना गराउन आदेश दिएको थियो । उनकी पत्नी रुकमिणीले पनि आरोपबाट सफाइ पाएकी छन् ।

डा. भुर्तेलमाथि भवन निर्माणमा ठेकेदारसँग मिलेर अनियमितता गरेको, उपकरण खरिदमा भ्रष्टाचार गरेको केजको जग्गा भाडामा दिँदा व्यक्तिगत लाभ लिएको लगायतको आरोपसहित गैरकानुनी सम्पत्तिआर्जन गरेको अभियोग थियो ।

अख्तियारले उनीविरुद्ध २ करोड ६३ लाख भ्रष्टाचार गरेको अभियोग सहित ११ फागुन, २०७२ मा मुद्दा दायर गरेको थियो । ३ करोड ७२ लाख आर्जन गरेका उनले चार करोड ५ लाखको सम्पत्ति जोडेको भन्दै विशेष अदालतले ३३ लाख ५६ हजार भ्रष्टाचार गरेको ठहर गरेको थियो ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १७, २०८१ साल मंसिर २५ गते मंगलबार (Dec 10, 2024)

# सीजी इलेक्ट्रोनिक्सद्वारा निशुल्क लिएी टिकट जित्ने सुनौलो अफर




**काठमाडौं–** नेपालमा अहिले नेपाल प्रिमियर लिग (NPL) को क्रिकेट माहोलले नयाँ उचाई लिइरहेको छ, र यो उत्साहलाई अझ बढाउन सीजी इलेक्ट्रोनिक्सले रोमाञ्चक अफर ल्याएको छ। सीजी इलेक्ट्रोनिक्सको कुनै पनि ब्रान्डको उत्पादन खरिद गर्दा, ग्राहकहरूले लक्की ड्र मार्फत निशुल्क लिएी टिकट जितेर किर्तिपुर स्थित क्रिकेट स्टेडीयममा प्रत्यक्ष खेल हेर्ने मौका पाउनेछन् ।

सीजी इलेक्ट्रोनिक्स अन्तर्गत एलजी, सीजी, टीसीएल, गोदरेज, बेको, सेन्साई, ब्ल्याक एन्ड डेकर, माइडिया, केन्ट, एलिका, क्रम्प्टन जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डहरू रहेका छन् । यी ब्रान्डहरूले ठूला घरेलु उपकरणहरू जस्तै टिभी, वाशिङ मेसिन, फ्रिज, एयर कण्डिसनर आदिका साथै साना घरेलु उपकरणहरू जस्तै एयर फ्रायर, हीटर, गिजर, भ्याकुम क्लिनर, प्रेशर कुकर, आयरन, कफी मेकर आदि उपलब्ध गराउँछन् ।

यो विशेष अभियानले उत्कृष्ट उत्पादन खरिद गर्नका साथै क्रिकेटको प्रत्यक्ष मज्जा लिनको अवसर पनि प्रदान गर्दछ। घरायसी सामग्री अपडेट गर्ने सोचमा हुनुहुन्छ वा नयाँ प्रविधिमा लगानी गर्न चाहनुहुन्छ, हरेक खरिदले तपाईंलाई रोमाञ्चक क्रिकेट अनुभवको हिस्सा बन्ने मौका दिन्छ।

"हाम्रा ग्राहकहरूको खुशी हाम्रो पहिलो प्राथमिकता हो । यो अभियानले ग्राहकहरूलाई उत्कृष्ट मूल्यका साथ क्रिकेटको राष्ट्रव्यापी जोशलाई मनाउने अनौठो अवसर दिन्छ," सीजी इलेक्ट्रोनिक्सका प्रतिनिधिले भन्नुभयो । र आगामी दिनहरुमा पनि नेपाली खेल जगतलाई सप्पोर्ट गर्दै यस्तै योजना हरुलाई निरन्तरता दिने वाचा गर्नुभयो।

# नेपालको सबैभन्दा महँगो लक्जरी गाडी BMW X7 xDrive 40i एक हप्ताभित्र बिक्री

**काठमाडौं–** नेपालमा बीएमडब्ल्यू अटोमोबाइल्सका एकमात्र आधिकारिक आयातकर्ता र डिलर, लक्ष्मी प्रिमियम मोटर्सले ७ करोड पर्ने देशकै सबैभन्दा महँगो लक्जरी गाडी BMW X7 xDrive 40i ल्याएको एक हप्ताभित्र बिक्री गरेको छ।

कम्पनीका अनुसार, यो मोडल कार्तिक २९, २०८१ मा नेपाल आयात गरिएको थियो। अत्याधुनिक प्रविधि, उत्कृष्ट डिजाइन, मजबूती, सुरक्षा, शक्ति, र विलासी सुविधाले सुसज्जित यो गाडी अहिलेसम्मको सबैभन्दा महँगो लक्जरी गाडी हो।

यस बिक्रीले नेपाली उपभोक्ताबीच प्रिमियम गाडीप्रतिको चासो र रुचिलाई प्रस्ट रूपमा उजागर गरेको छ । कम्पनीले जनाए अनुसार द्यः६ ह्ठ हम्चष्खभ द्धण्ट को छोटो समयमा भएको सफल बिक्रीले नेपालमा प्रिमियम गाडीहरूको बजारमा नयाँ मापदण्ड स्थापना गरेको छ । यो उपलब्धिले नेपाली बजारमा लक्जरी गाडीहरूको बढ्दो प्रभावलाई थप सशक्त बनाएको छ।




# नेपाल एसबिआई बैंकद्वारा शैक्षिक सामाग्री तथा पोसाक बितरण कार्यक्रम सम्पन्न




**काठमाडौं–** नेपाल एसबिआई बैंक लि. द्वारा सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका वडा नं ३, कैलाली स्थित श्री नेपाल राष्ट्रिय कर्णाली माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि स्कुल ब्याग, शैक्षिक सामाग्री तथा पोसाक बितरण गरेको छ।

उक्त सामाग्रीहरु बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, दीपक कुमार देले नेपाल राष्ट्रिय कर्णाली माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष, बसन्ती बलामी र प्रधानाध्यापक, जंग वहादुर तारामीलाई एक कार्यक्रमका बिच हस्तान्तरण गरेका थिए ।

सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तिय अधिकृत, राजेश कुमार पंडा, प्रमूख संचालन अधिकृत, विकास आनन्द, प्रमुख कर्जा अधिकृत, अर्जुन नेपाल, प्रमुख व्यवसाय प्रवर्धन अधिकृत, रितेश अर्याल र बैंकका सुदुर पश्चिम प्रदेश प्रमुख, सन्तोष कुमार भन्डारी र बैंक तथा स्कुल समितिका अन्य पदाधिकारी र शिक्षकहरु समेतको उपस्थिति रहेको थियो।

बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय समयमा गर्दै आइरहेको छ। हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ।

# संचार तथा सूचना प्रविधि मन्त्रालयद्वारा डिजिटल सेटी समिट नेपालको आयोजना

**काठमाडौं–** नेपाल टिकटकले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको साझेदारीमा मंसिर १८ गते डिजिटल सेफ्टी समिट नेपालको आयोजना गर्यो । यस कार्यक्रमले अनलाइन सुरक्षा र डिजिटल साक्षरता प्रवर्द्धन गर्न सरकारी अधिकारी, शिक्षाविद्, डिजिटल अधिकार विज्ञ, बालबालिकाको सुरक्षा सम्बन्धि अधिवक्ताहरू र उद्योगी व्यवसायी लगायत विभिन्न सरोकारवालाहरूलाई एकै ठाउँमा भेला गराएको थियो।




शिखर सम्मेलनमा टिकटक क्रियटर सुवास घिमिरे, संचार मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुर, डिजिटल सेफ्टी एक्सपर्ट सन्तोष सिग्देलजस्ता प्यानलिस्टहरू सहित "नेभिगेटिङ रिस्क, प्रोटेक्टिङ युजर्सस् ए कोलाबोरेटिभ अप्रोच टु डिजिटल सेफ्टी -जोखिमको अनुगमन, प्रयोगकर्ताहरूको सुरक्षा : डिजिटल सुरक्षाका लागि एक साझा दृष्टिकोण " नामक प्यानल छलफल लगायत अन्य अन्तर्दृष्टिपूर्ण छलफलहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा टिकटकका फ्यामिली पेयरिंग जस्ता टुल्स र नेपाली प्रयोगकर्ताहरूको सुरक्षामा यसको प्रतिबद्धतालाई जोड दिँदै मुख्य सुरक्षा पहलहरूलाई पनि सम्बोधन गरिएको थियो।

दक्षिण एसियाका लागि टिकटकका सार्वजनिक नीति तथा सरकार सम्बन्ध प्रमुख फिरदौस मोत्ताकिनले भने, "टिकटकमा हामी हाम्रा प्रयोगकर्ताहरू, विशेष गरी बालबालिका र युवाहरूको अनलाइन सुरक्षा र भलाइ सुनिश्चित गर्न प्रतिबद्ध छौं।

यो शिखर सम्मेलनले नेपालमा सुरक्षित अनलाइन वातावरण सिर्जना गर्ने दिशामा एक महत्वपूर्ण कदम चाल्नेमा हामी विश्वस्त छौं। हामी हाम्रा पहलहरू मार्फत् डिजिटल साक्षरता र अनलाइन सुरक्षा प्रवर्द्धन गर्न समर्पित छौं र हामी यो लक्ष्य हासिल गर्न नेपाल सरकारसँगको सहकार्यलाई निरन्तरता दिन तत्पर छौं।"

शिखर सम्मेलनमा टिप्पणी गर्दै संचार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुरले सुरक्षित अनलाइन इकोसिस्टम सिर्जना गर्न मन्त्रालयको अटल प्रतिबद्धतामाथि प्रकाश पारे।

उनले भने, "यो शिखर सम्मेलन नेपालका युवाहरूका लागि सुरक्षित र समावेशी डिजिटल वातावरण सुरक्षित गर्ने हाम्रो मिशनमा एउटा महत्त्वपूर्ण कदम हो। बालबालिकालाई अनलाइन सुरक्षा प्रदान गर्ने र डिजिटल रूपमा जिम्मेवार समाजको प्रवर्द्धन गर्ने नविनतम उपायहरू लागू गर्ने प्रयासमा सरकार अडिग छ। "

संचार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले आफ्नो मुख्य भाषण मार्फत् डिजिटल सुरक्षा अभिवृद्धि गर्न सरकारको प्रतिबद्धतालाई जोड दिए । नेपालमा टिकटकको सार्वजनिक नीति कार्यक्रम विस्तार गर्ने, नेपालमा बलियो, सुरक्षित डिजिटल इकोसिस्टमको बाटो बनाउने विषयमा छलफल गरेर शिखर सम्मेलन समापन गरिएको थियो।

नेपाली समुदायका लागि सुरक्षित डिजिटल भविष्य सिर्जना गर्ने नयाँ समर्पणका साथ डिजिटल सेफ्टी समिट नेपाल समापन भएको छ । यस कार्यक्रमले महत्त्वपूर्ण सरोकारवालाहरूलाई एकजुट गरेर अर्थपूर्ण साझेदारी, चेतना अभिवृद्धि र युवाहरूको अनलाइन कल्याण प्रवर्द्धन गर्ने आधार सिर्जना गरेको छ।

टिकटक र संचार तथा सूचना प्रविधि मन्त्रालयले यस महत्त्वपूर्ण कुराकानीलाई जारी राख्ने र नेपालभर डिजिटल साक्षरता पहलहरू विस्तार गर्ने प्रतिबध्दता पुनस् व्यक्त गरेका छन्।

भ्रष्ट्राचार र अनियमितता बिरुद्ध जुटौं

- घुस लिने र दिने दुबै अपराधी हुन्, भ्रष्ट्राचारीलाई दण्ड र तिरस्कार गरौं, श्रसदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्ट्राचार र अनियमितता बिरूद्ध आवाज उठाऔं,
- भ्रष्ट्राचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार